उपकुलपति

प्रा.डा. केशर जङ्ग बरालज्यूद्वारा

प्रस्तुत

त्रिभुवन विश्वविद्यालयको

# सञ्चालन र व्यवस्थापनसम्बन्धी सोच-पत्र

# विष्य सूची


| क.सं. शिर्षक | पाना नं. |
|---|---|
| १) पृष्ठभूमी | १ |
| २) विश्वविद्यालयको गुणस्तर अभिबृद्धि र प्रभावकारिता | २ |
| ३) विश्वविद्यालयको सम्पत्तिको आर्जन, उपयोग र आत्मनिर्भता | ५ |
| ४) आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण | ६ |
| ५) विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्ने | ७ |
| ६) विश्वविद्यालयको पारदर्शिता र जवाफदेहिता | ८ |
| सन्दर्भ सामाग्री | ९ |

# त्रिभुवन विश्वविद्यालय सञ्चालन र व्यवस्थापनसम्बन्धी सोच-पत्र

## १) पृष्ठभूमी

संघीय सरकार अन्तर्गतको ११ विश्वविद्यालयहरूमा त्रिभुवन विश्वविद्यालय (त्रिवि) उच्च शिक्षामा सबैभन्दा लामो इतिहांस भएको विश्वविद्यालय हो । उच्च शिक्षामा यसको इतिहास छ दशक भन्दा लामो छ। यसले नेपालको उच्च शिक्षाको विकास, देशको लागि आवश्यक जनशक्ति उत्पादनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। विश्वविद्यालय अनुदान आयोग (विअआ) अनुसार आर्थिक वर्ष २०२१/०२२ मा यसका ६२ वटा आंगिक क्याम्पस, ५२८ वटा सामुदायिक क्याम्पस र ५५४ वटा निजी क्याम्पसहरूमा कूल ४,५४,०६५ विद्यार्थी भर्ना भएका थिए। यो विद्यार्थी संख्या उच्च शैक्षिक संस्थाहरू (संघीय विश्वविद्यालयहरू, प्रादेशिक विश्वविद्यालयहरू र स्वास्थ्य प्रतिष्ठानहरू) मा भर्ना भएका विद्यार्थीसंख्याको ७८.३६ प्रतिशत हुन आउछ। विगत ६ वर्ष (२०१६/०१७ देखि २०२१/०२२)को विद्यार्थी भर्नाको आंकडाले त्रिविले ७५ प्रतिशत देखि ७९ प्रतिशतसम्म उच्च शिक्षामा जाने विद्यार्थीको भार बहन गरेको देखाउंछ। यसले उच्च शिक्षा प्रदाय शैक्षिक संस्थाहरूको संख्या बढ्दै गएतापनि त्रिविको भारमा खासै कम आएको देखाउदैन। अर्को शब्दमा भन्ने हो भने नयाँ विश्वविद्यालयहरूले विद्यार्थीहरूलाई त्यति आक्रर्षण गर्न सकेको छैन ।

देशमा सञ्चालित ११ संघीय विश्वविद्यालयहरू, ५ स्वास्थ्य विज्ञान प्रतिष्ठान, २ प्रादेशिक विश्वविद्यालयका आंगिक, सामुदायिक र निजी क्याम्पसको कूल संख्या १,४५५ छ र त्यस मध्ये त्रिविको ७८.६३ प्रतिशत कलेज/क्याम्पसहरू छन्। आर्थिक वर्ष २०२१/०२२ का ग्राज्यूएट मध्ये त्रिविबाट ग्राज्यूएट हुनेको संख्या ७१.१२ प्रतिशत थियो। त्यस्तै गरी विअआ (२०२३)ले उच्च शिक्षा प्रदाय संस्थाहरूलाई दिएको कूल अनुदानको करिब ७२ प्रतिशत त्रिविलाई गएको देखिन्छ।

त्रिविको समग्र उत्तीर्ण दर कम देखिन्छ। शैक्षिक वर्ष २०१३/०१४ देखि २०२१/०२२ सम्मको त्रिविको औसत उत्तिर्ण दर ३० प्रतिशत भन्दा बढी देखिदैन। यसले राष्ट्र र अभिभावकको लगानी खेर गएको र उच्च शिक्षाको उत्पादन लागत बढी देखाउंछ। त्रिविको अध्ययन विचैमा छोड्ने एकिकृत दर (Drop-out Rate) सम्बन्धी आधिकारिक तथ्याङ्क उपलब्ध नभएतापनि केही उपलब्ध तथ्याङ्कले यो दर पनि अस्वभाविक रुपमा बढी छ।

विश्वविद्यालयमा अनेक प्रकारका बाधा अड्चनको कारणले गर्दा समयमा परीक्षा लिन र परीक्षाफल प्रकाशन गर्न नसक्दा शैक्षिक कार्यक्रम पुरा गर्न विद्यार्थीहरूलाई तोकिएको समय भन्दा बढी लाग्ने गरेको छ। यसले गर्दा पनि त्रिविले दिने उच्च शिक्षा राष्ट्र र अभिभावकलाई महङ्गो पर्न गएको छ। उच्च शिक्षाको अवसर लागत तुलनात्मक रुपमा छिमेकी राष्ट्रका उच्च शैक्षिक संस्थाहरूले दिने उच्च शिक्षाको भन्दा बढी पर्न जान्छ। यसरी त्रिविले दिने उच्च

शिक्षाको देखिने लागत (Explicit Cost) ज्यादै कम भएतापनि विद्यार्थी र अभिभावकको लागि अवसर लागत बढी छ । यसैले विद्यार्थी र अभिभावकको रोजाई विदेशी शैक्षिक संस्थाहरू पर्छन र हरेक वर्ष हजारौं विद्यार्थी विदेश जाने र अरबौ रुपिया विदेशिने गरेको छ । यसले नेपालको भुक्तानी संतुलनमा समेत नकारात्मक प्रभाव पार्न सहयोग गरेको छ ।

विश्वविद्यालयहरूमा राजनैतिक हस्तक्षेप र यसको पदाधिकारीहरूको नियुक्ति राजनैतिक भागबण्डाको आधारमा हुनु उच्च शिक्षाको गुणस्तर खस्कदै जानुको कारणहरू मध्ये प्रमुख कारण हो । यही कुरा विश्वविद्यालयको कूलपति सम्माननीय प्रधान मन्त्रीज्यूले महशुस गरी त्रिविको उनन्चासौं दीक्षान्त समारोहमा विश्वविद्यालयहरूको पदाधिकारीहरूको नियुक्ति प्रतिसपर्धाको आधारमा गर्ने र सो कार्य त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको नियुक्तिबाट शुरु गर्ने भन्ने सार्वजनिक रुपमा प्रतिबद्धता व्यक्त गर्नु भयो । विश्वविद्यालयको कुलपति तथा सम्माननीय प्रधानमत्तत्रीज्यूको यही प्रतिबद्धता अनुसार त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले पुस २३ गते २०८० का दिन प्रकाशीत सूचना अनुसारको प्रयोजनको लागि यो सोच पत्र तयार गरिएको छ । यो सोच पत्रमा विश्वविद्यालयको गुणस्तर अभिबृद्धि र प्रभावकारिता; विश्वविद्यालयको सम्पत्तिको आर्जन, उपयोग र आत्मनिर्भरता; आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण; विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्ने; र विश्वविद्यालयको पारदर्शिता र जवाफदेहितासम्बन्धी आफ्नो अबधारणा राख्ने प्रयास गरेको छु ।

## २) विश्वविद्यालयको गुणस्तर अभिबृद्धि र प्रभावकारिता

विद्यार्थीहरूको कम उत्तिर्ण दर, विश्वविद्यालयमा शैक्षिक पात्रो नहुनु र समयमा परीक्षा र परीक्षाफल प्रकाशन नहुनु र तोकिएको समयमा शैक्षिक कार्यक्रम नसक्नुले विश्वविद्यालयको गुणस्तर खस्किएको छ भन्ने संकेत गर्दछ । यसको साथसाथै उत्पादित जनशक्ति बेरोजगार हुनु, श्रम बजारको आवश्यक्ता अनुसार जनशक्ति उत्पादन नहुनु र उत्पादित जनशक्तिमा भएको कारिन्दा प्रवृत्तिले विश्वविद्यालयको शैक्षिक कार्यक्रमहरू प्रभावकारी छैनन भन्ने कुराको संकेत गर्दछ । त्यसैले अहिलेको आवश्यक्ता भनेको विश्वविद्यालयको गुणस्तर अभिबृद्धि गर्ने र यसले संचालन गरेका शैक्षिक कायक्रमहरूलाई प्रभावकारी वनाउनु हो ।

विश्वविद्यालयको गुणस्तर अभिवृद्धि गर्नको लागि प्रथमतः राम्रो शैक्षिक पृष्ठभूमी भएका शिक्षकहरू हुनुपर्दछ । दोस्रो कुरा शिक्षकहरूमा प्राज्ञिकता र आफ्नो पेशा प्रति समर्पित हुनु पर्दछ । राम्रो शैक्षिक पृष्ठभूमी भएका शिक्षक असल र आफ्नो पेशा प्रति इमान्दार हुन्छन् भन्न सकिन्न । यस्ता शिक्षकहरूको माग निजी तथा सामुदायिक क्याम्पसहरूमा पनि बढी हुन्छ । त्यसैले यस्ता शिक्षकहरू आफ्नो माउ शिक्षण संस्थाप्रति कम उत्तरदायी हुन सक्छन् । तेस्रो कुरा स्तरीय विद्यार्थीहरूको इन्टेक पनि हुनुपर्दछ र यी विद्यार्थीहरूलाई शैक्षिक संस्थाहरूले धान्न

(Retain) पनि सक्नु पर्दछ। आवश्यक भौतिक सुविधा (शिक्षण भवन, फर्निचर, आवश्यक शैक्षिक सामाग्रीहरू, पुस्तकालय, कम्प्यूटर, सूचना प्रविधिको सुविधा, प्राध्यापक बस्ने कोठा आदि) र ती भौतिक सुविधाको उचित व्यवस्थापन गर्नको लागि आवश्यक जनशक्तिको पनि विश्वविद्यालयको स्तर अभिबृद्धि गर्नको लागि महत्वपूर्ण भूमिका हुन्छ।

विश्वविद्यालयको शैक्षिक कार्यक्रमलाई प्रभावकारी वनाउनको लागि राष्ट्रिय र अन्तरराष्ट्रिय श्रम बजारको आवश्यकता अनुसार आवधिक रुपमा पाठयक्रमलाई अद्यावधिक गर्नुपर्दछ। त्यसको साथसाथै विश्वविद्यालयको उत्पादनमा भएको ज्ञान र शिप र श्रमबजारको लागि आवश्यक ज्ञान र सीपको विचको अन्तरलाई अध्ययन गरी सोही अनुसार शैक्षिक कार्यक्रमहरू तर्जुमा गर्ने र भएका पाठयक्रमलाई अद्यावधिक गर्नुपर्दछ।

मौजुदा शिक्षाशास्त्र संकाय अन्तरगतका कार्यक्रमहरू शैक्षिक र व्यावसायिक पाठयक्रमको मिश्रण भएको देखिन्छ। व्यवहारमा यस संकायका उत्पादनमा सम्बन्धित विधाको ज्ञान (Content) पनि पर्याप्त देखिदैन र शिक्षण विधिमा पनि आवश्यक सीपको विकास भएको देखिदैन। त्यसैले शिक्षाशास्त्र संकाय अन्तरगनका कार्यक्रमहरूलाई पुनरावलोकन गर्नुपर्दछ र दक्ष (सीपयुक्त) शिक्षक उत्पादन गर्ने दिशामा उन्मुख गर्नुपर्दछ।

विश्वविद्यालयको उत्पादनलाई कारिन्दा र विदेशिने प्रवृत्तिबाट विचलन गर्नको लागि देशै भित्र भएको स्रोत र साधनलाई परिचालन गरी देशको आवश्यक्ता अनुसार उद्योग व्यवसायी संचालन गर्नको लागि आवश्यक शिप र ज्ञानको विकास गर्नु पर्दछ। यसको लागि अध्ययन र अध्यापनलाई अनुसन्धान र व्यवहारिक ज्ञानसंग जोडनु पर्दछ। यसको लागि विश्वविद्यालयले नेपाल सरकारका विभिन्न निकायहरू र निजी क्षेत्रसंग मिलेर काम गर्नु पर्दछ।

विश्वविद्यालय प्रति विद्यार्थीहरूलाई आकर्षण गर्ने महत्वपूर्ण पाटो भनेको शैक्षिक पात्रोको प्रभावकारी रुपमा कार्यान्वयन गरी तोकिएको समय मै शैक्षिक कार्यक्रम सक्नु हो। त्यसैले विश्वविद्यालयलाई प्रभावकारी वनाउनको लागि राष्ट्रिय परीक्षा बोर्डको कार्यक्रम र अन्य देशका विश्वविद्यालयहरूका शैक्षिक वर्षसंग सामञ्जस्य हुने गरी बिअआले तयार गरेको रुपरेखा भित्र रही शैक्षिक पात्रो तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्दछ। यसो गरिएमा विद्यार्थीहरूको अवसर लागतलाई कम गर्न सकिन्छ; विश्वविद्यालयको अनावश्यक खर्च पनि कटौटी गर्न सकिन्छ ; विदेशी विश्वविद्यालयहरूमा जान चाहाने विद्यार्थीहरूले अनावश्यक रुपमा समय वर्वाद गर्न पनि पर्दैन; र उच्च माध्यमिक तह पार गरे पछि अनावश्यक रुपमा समय वर्वाद गर्नु पर्दैन।

त्रिवि आंगिक क्याम्पस, सम्वन्धन प्राप्त क्याम्पसहरू, विद्यार्थी संख्या, प्राध्यापक र प्रशासनिक कर्मचारीको दृष्टिकोणले संसारका ठूला विश्वविद्यालयहरू मध्येका विश्वविद्यालय हो। यसको प्रशासन, शैक्षिक कार्यक्रम र अभिभावक र राष्ट्रको उच्च शिक्षामा भएको लगानीलाई

प्रभावकारी वनाउनको लागि यसको पुनःसंरचना (Restructure) गर्न आवश्यक देखिन्छ। पुनःसंरचनाको सन्दर्भमा केन्द्रीय विभाग र केन्द्रीय प्रशासनिक संगठनको पुनःसंरचना एउटा ढंगले र विभिन्न प्रदेशमा रहेका आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण र प्रभावकारीताको लागि अर्कै ढंगले विश्वविद्यालयको पुनःसंरचना गर्न आवश्यक देखिन्छ।

केन्द्रीय क्याम्पसलाइ उत्कृष्टाको केन्द्रको रुपमा विकास गर्न अहिलेका केन्द्रीय विभागहरूलाई महाविद्यालय (School) मा पुनःसंरचना गर्नु पर्दछ र प्रभावकारी रुपमा संचालन हुन नसक्ने शैक्षिक कार्यक्रमहरूलाई हटाई अन्तरविद्या पढ्न पाउने लिबरल आर्टस् जस्तो शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ। केन्द्रीय विभागहरूलाई पुनःसंरचना गर्दा समायोजन हुन नसक्नु हुने पुराना प्राध्यापकहरूलाई एकमुष्ठ रकम (Golden Handshake) को सुविधा दिएर विश्वविद्यालयबाट निवृत्त गर्नु पर्दछ र सरकारले यसता प्राध्यापकहरूलाई दिइने रकम अनुदानको रुपमा उपलब्ध गराउनुपर्दछ।

सातै प्रदेशमा रहेका आंगिक क्याम्पस र सम्बन्धन प्राप्त क्याम्पसहरूलाई सम्बन्धित प्रदेशमा त्रिवि विश्वविद्यालय (जस्तो त्रिवि गण्डकी, त्रिवि लुम्बिनी) स्थापना गरेर त्रिविको भिमकाय रुपलाई व्यवस्थित गर्नु पर्दछ (त्रिवि, २०१९)। यसको लागि त्रिविले हरेक प्रदेशमा आवश्यक भौतिक पूर्वाधार र प्रशासनिक पूर्वाधार तयार गर्नु पर्दछ। तत्कालको आवश्यकता भनेको काठमाण्डौं बाहिर भएका परीक्षा नियन्त्रण कार्यालयलाई अधिकार सम्पन्न गरी परीक्षाका कार्यलाई समयमै सम्पादन गर्नको लागि आवश्यक अधिकार प्रत्यायोजन गर्नुपर्दछ। यसको साथसाथै यी कार्यालयहरूको अन्तरसम्बन्ध संकाय र अध्ययन संस्थानका डीन कार्यालयहरूसंग पनि स्थापित गर्न आवश्यक छ। यसो गरेमा उत्तर पुस्तिकाको संकलन, वितरण, परीक्षण गर्ने कार्य समय मै सम्पन्न गर्न सकिने छ। यसको फलस्वरुप परीक्षाफल पनि समय मै प्रकाशन गर्न सकिने छ। विद्यार्थीहरूलाई आवश्यक सेवा सम्बन्धित प्रदेशको परीक्षा नियन्त्रण कार्यालयबाट नै उपलब्ध गराउनको लागि आवश्यक अधिकार परीक्षा नियन्त्रण्न कार्यालयले दिने छ।

त्रिविको भिजन २०३० अनुसार यसलाई पुनसंरचनाको तयारी क्रममा महेन्द्र बहुमुखी क्याम्पस, नेपाल गञ्ज, पृथ्वीनारायण क्याम्पस, पोखरा र महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस, विराटनगरलाई उपाधि दिने संस्थाको रुपमा विकास गरी त्रिवि प्रदेश विश्वविद्यालय स्थापनाको लागि प्रारम्भिक तयारी गरिने छ।

विश्वविद्यालयमा सुचना प्रविधिमा अधिक्तम प्रयोग गरिने छ। यसको लागि एकिकृत शैक्षिक सूचना प्रणालीको विकास गरी विश्वविद्यालयलाई सूचना प्रविधियुक्त वनाइने छ भने शिक्षक कर्मचारीहरूलाई पनि आवश्यक सूचना प्रविधिको न्यूनतक सीप विकास गरी सूचना प्रविधि मैत्री वनाइने छ।

## ३) विश्वविद्यालयको सम्पत्तिको आर्जन, उपयोग र आत्मनिर्भता

त्रिवि भौतिक रुपले सम्पन्न विश्वविद्यालय हो । अधिकांश आंगिक क्याम्पसहरू पनि भौतिक रुपमा सम्पन्न नै छन् तर उपलब्ध भौतिक सम्पत्तिको परिचालन र व्यवस्थापन उचित हुन सकेको छैन । विश्वविद्यालयले आर्थिक स्रोतको लागि नेपाल सरकारमा निर्भर पर्नु पर्ने अवस्था छ । विश्वविद्यालयको उपलब्ध स्रोतलाई विशेष गरेर व्यापारिक दृष्टिकोणले महत्वपूर्ण स्थानमा भएका जग्गालाई निजी सार्वजनिक साझेदारीको अबधारण अनुरुप परिचालन गरी आय आर्जन गर्नु पर्दछ ।

उपयोगमा नभएका उपलब्ध भौतिक सुविधाको अधिक्तम उपयोग गर्नको लागि विद्यार्थीहरूको लागि कमाउ र पढ भन्ने अबधारणा ल्याईने छ । विश्वविद्यालयलाई आर्थिक रुपमा आत्मनिर्भर वनाउनको लागि सक्ने विद्यार्थीहरूलाई लागत सहभागिताको शिद्धान्त अनुरुप शैक्षिक र अन्य सेवा शुल्कमा सहभागी गराइने छ । विद्यार्थीहरूबाट उठाइने शुल्कको प्रयोग पादर्शी रुपमा जुन प्रयोजनको लागि उठाइने हो त्यही प्रयोजनको लागि गरिने छ ।

सामाजिक र आर्थिक रुपले पछाडि परेका वर्गका विद्यार्थीहरूको लागि सम्बन्धित कार्यक्रमको निर्धारित कोटाको आधारमा निशुल्क छात्रवृत्ति आवश्यक नियमावली वनाई प्रदान गरिने छ । आंगिक क्याम्पसहरूले उपलब्ध गराएको निशुल्क छात्रवृत्ति नेपाल सरकारलाई विश्वविद्यालयले लगाएको शुल्क उपदानको रुपमा उपलब्ध गराउने छ । यसो गर्दा विश्वविद्यालयलाई अस्थायी रुपमा प्लेटफर्म वनाउने हेतुले विद्यार्थी भर्ना हुने प्रवृत्ति निरुत्साही हुने छ, विश्वविद्यालयको ड्रपआउट दरमा कटौटी हुने छ, उत्तिर्ण दर बढ्ने छ र उच्च शिक्षाको उत्पादन लागत पनि घट्ने छ । यसको साथसाथै विश्वविद्यालयको लागत आपुरण दर पनि बढ्ने छ ।

अनुसन्धान र परामर्श सेवा विश्वविद्यालयको अभिन्न अंग र आय स्रोत पनि हो । त्यसैले विश्वविद्यालयको आय स्रोत बढाउन र शिक्षक र विद्यार्थीहरूलाई अनुसन्धान र परामर्श कार्यमा संलग्न गराउनको लागि अनुसन्धान र परामर्श कार्यलाई संस्थागत गरिने छ ।

विश्वविद्यालयमा विद्यार्थी सहयोग कार्यक्रमको अवधारणा ल्याइने छ । यस अबधारणालाई कार्यन्वयन गर्नको लागि आवश्यक नियमावली वनाइने छ । विद्यार्थी सहयोग कार्यक्रमले आर्थिक रुपमा कमजोर विद्यार्थीहरूलाई आफ्नो अध्ययन जारी राख्नलाई सहयोग पुऱ्याउने छ एका तिर भने अर्को तिर विश्वविद्यालयको आवश्यक जनशक्तिको पूरकको रुपमा काम गर्नेछ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेमा विश्वविद्यालयको दीर्घकालिन उपरीलागतको भारलाई घटाउने छ । यसको साथसाथै यो कार्यक्रमले विद्यार्थीहरूमा श्रमप्रति सम्मानको भावनाको विकास पनि गर्नेछ ।

## ४) आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण

आंगिक क्याम्पसहरू राजनैतिक भागबण्डाको चरम अवस्था र दलीय भातृ संगठनहरू, प्राध्यापक संघ र कर्मचारी संघको अनावश्यक हस्तक्षेपले गर्दा व्यवस्थित रुपमा चल्न सकेको छैन । यसले गर्दा तिर्न सक्ने क्षमता भएका विद्यार्थीहरूको रोजाइमा धेरै जसो आङ्गिक क्याम्पसहरू नपरेको अवस्था छ। यसको लागि आङ्गिक क्याम्पसका पदाधिकारीहरूको नियुक्तको लागि निश्चित मापदण्ड निर्माण गरिने छ र सोही अनुसार पदाधिकारीहरूको नियुक्ति गर्ने परिपाटीको विकास गरिने छ ।

आङ्गिक क्याम्पसहरूमा अध्यापन गर्नको लागि शिक्षकहरूको भर्ना योग्यताको आधारमा गर्न लगाइने छ। राजनैतिक आस्थाको आधारमा आंशिक, कोर्श करार र करारमा शिक्षक र कर्मचारीको नियुक्ती गर्ने परम्पराको अन्त्य गरिने छ। आंगिक क्याम्पसहरूलाई सुदृढीकरण गर्नको लागि सबै क्याम्पसहरूलाई गुणस्तर सूनिश्चितता तथा प्रत्यायण प्रक्रियामा लगिने छ। यसले क्याम्पसहरूको भौतिक र शैक्षिक सुधार हुने छ। यसको साथसाथै एकै भौगोलिक स्थानमा रहेका आङ्गिक क्याम्पसहरूमा एकै खाले शैक्षिक कार्यक्रमहरू संचालन गरिएका छन्। यस्ता कार्यक्रमहरू विद्यार्थीको अभावमा प्रभावकारी रुपमा संचालन हुन नसकेर विश्वविद्यालयका जनशक्ति र भौतिक साधनको प्रभावकारी रुपमा उपयोग हुन सकेको छैन। यसरी एकै भौगोलिक निकटता भएका आङ्गिक क्याम्पसहरूमा संचालित शैक्षिक कार्यक्रमहरूलाई गाभ्ने प्रक्रिया शुरु गरिने छ। यसले उपलब्ध जनशक्ति र भौतिक सुविधाको प्रभावकारी रुपमा उपयोग हुने छ।

धेरै जसो सामुदायिक क्याम्पसहरूमा विद्यार्थी संख्या घट्दै गएको छ। यसको फलस्वरुप धेरै सामुदायिक क्याम्पसहरू आर्थिक संकटमा छन्। विश्वविद्यालय अनुदान आयोगले दिएको अनुदानले सामुदायिक क्याम्पसहरूलाई केही राहत पुऱ्याएको छ। भौगोलिक निकटतालाई ख्याल नगरी सामुदायिक क्याम्पसहरूलाई समान प्रकृतिका शैक्षिक कार्यक्रमहरू संचालन गर्ने गरी सम्बन्धन दिएकोले धेरै जसो कार्यक्रमहरू संचालन हुन सकेका छैनन्। यस्ता सामुदायिक क्याम्पसहरूलाई एकआपसमा गाभ्ने वा क्याम्पसमा संचालन भएका कार्यक्रमहरूलाई गाभ्ने प्रक्रियाको शुरुआत गरिने छ।

नीजी क्याम्पसहरूको शिक्षालाई व्यापारीकरण गर्ने प्रबृत्तिलाई निरुत्साहित गरिने छ र उनीहरूले विद्यार्थीहरूलाई लगाइने शुल्क तथा अन्य सेवा शूल्कको अनुगमन गरिने छ। आंगिक क्याम्पस, सामुदायिक क्याम्पस र नीजि क्याम्पसहरूलाई अनुगमन गर्ने मौजुदा अनुगमन समयन्त्रलाई प्रभावकारी बनाइने छ। यसको साथसाथै सम्बन्धन प्राप्त क्याम्पसहरूलाई नयाँ शैक्षिक कार्यक्रम वा समूह थप गर्नको लागि विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सूनिश्चित्ता तथा प्रत्यायन प्रमाण–पत्र अनिवार्य गरिने छ।

आङ्गिक क्याम्पसहरूमा विद्यार्थी संख्या र वित्तिय दृष्टिकोणले दिगो नहुने शैक्षिक कार्यक्रमहरू पनि संचालनमा छन् । यसको साथसाथै एउटै समयमा शैक्षिक कार्यक्रमहरू संचालन गर्नको लागि पर्याप्त मात्रामा भौतिक सुविधा भएतापनि विभिन्न समयमा कार्यक्रमहरू संचालन गरेर अनावश्यक रुपमा प्रशासनिक खर्च क्याम्पसहरूमा भएको देखिन्छ। त्यसैले आङ्गिक क्याम्पसहरूको अध्ययन गरेर यसको सुधार गरिने छ र भौगोलिक आवश्यकता अनुसार व्यवसायिक सीप र ज्ञान दिने वजारमुखी शैक्षिक कार्यक्रम संचालन गर्न लगाई आंगिक क्याम्पसहरूलाई आर्थिक रुपमा आत्मनिर्भर वनाइने छ ।

त्रिविले संकाय अन्तरगतका स्नातकोत्तर तहका वाषिर्क कार्यक्रमहरूलाई सेमेष्टर प्रणालीमा लगेको धेरै भयो । तर अधिकांश कार्यक्रमहरू सेमेष्टर प्रणालीको मूल्य र मान्यता अनुसार संचालन भएको देखिदैन। विद्यार्थी संख्या, शिक्षण विधि, भर्ना तरिका, विद्यार्थीहरूको नियमिततामा व्यवहारमा खासै परिवर्तन भएको देखिदैन । यसलाई प्रभावकारी वनाउनको लागि आंगिक क्याम्पसहरू र सम्बन्धन प्राप्त क्याम्पसहरूलाई नियमित रुपमा अनुगमन गरी सुदृढ् गर्नु पर्ने देखिन्छ ।

## ५) विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्ने

त्रिविलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्नको लागि मौजुदा केन्द्रीय विभागहरूलाई महाविद्यालयहरू (Schools) मा पुनःसंरचना गरिने छ र प्रत्येक महाविद्यालयहरूको नेतृत्व सम्बन्धित डीनले गर्ने छ । पाठ्यक्रम निर्माण, परीक्षासम्बन्धी सम्पूर्ण कार्य महाविद्यालयहरूलाई नै जिम्मा दिइने छ। महाविद्यालयहरूलाई शैक्षिक, आर्थिक र प्रशासनिक स्वायत्त दिइने छ। सम्बन्धित महाविद्यालयहरू मार्फत नेपाल विशेष नविनतम् विषयहरूमा अध्ययन अध्यापन र अनुसन्धान गराई सरोकारवालाहरूलाई ज्ञान र प्रविधि हस्तान्तरण गरिने छ ।

महाविद्यालयहरूलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्नको लागि आवश्यक अव्वल खालका जनशक्तिको व्यवस्था गरिने छ । अबदेखि यस्ता महाविद्यालयमा अध्यापन र अनुसन्धान कार्यमा संलग्न हुनको लागि न्यूनतम योग्यता विद्यावारिधि गराइने छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहकार्यमा सम्बन्धित सरकारको आवश्यकता अनुसार अध्ययन अनुसन्धान र सरकारलाई आवश्यक पर्ने परामर्श सेवा दिने छ । अनुसन्धान र परामर्श सेवाबाट महाविद्यालयहरूलाई आर्थिक र प्राज्ञिक रुपमा उत्कृष्ट केन्द्रको रुपमा विकास गरिने छ ।

व्यावसायिक र प्राविधिक विषय अध्ययन र अध्यापन गराउने महाविद्यालयहरूलाई सर्वसाधारण जनता र उद्योग व्यवसायीहरूसँग सहकार्य गरी आवश्यक सेवा, सीप र प्रविधि हस्तान्तरण गरिने छ। यसको साथसाथै महाविद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूलाई नविनतम संभावित क्षेत्रको अध्ययन र अनुसन्धान गराई त्यससम्बन्धी पाटेन्टराइट लिने वा स्टार्ट अप

पूंजीको व्यवस्थापन गरी उत्पादनमुखी व्यवसायमा सलग्न गराइने छ । यसले विश्वविद्यालयबाट उत्पादित जनशक्तीलाई कारिन्दा प्रवृत्तिबाट रोजगारदाताको रुपमा रुपान्तरण गरिने छ ।

नेपाललाई विश्वको विशिष्ट विषयको अध्ययन र अनुसन्धानको लागि आकर्षित थलोको रुपमा विकास गर्न सक्ने प्रशस्त संभावनाछ । जस्तो विविध जनजातीहरूको भाषा र संस्कृति, उच्च पहाडी क्षेत्रको अध्ययन आदि । त्रिविका केही महाविद्यालयहरूलाई विदेशी विद्यार्थीहरूको लागि आकर्षित केन्द्रको रुपमा विकास गरिने छ । यसको साथसाथै विभिन्न जनजातिहरूको भाषा, संस्कृति र इतिहांससमबन्धी अनुसन्धान कै आधारमा विभिन्न उपाधि प्रदान पनि गर्न सकिने छ । यसले देशको विभिन्न जनाजातिसम्बन्धी अध्ययन गर्न चाहाने स्वदेशी र विदेशी विद्यार्थीहरूलाई आकर्षण गर्ने छ । मातृभाषामा पठनपाठन गर्न र गराउनको लागि आधारभूत विद्यालयहरूमा दक्ष शिक्षकको अभावलाई पुरा गर्नको लागि स्थानीय सरकारहरूसंगको सहयोगमा मिश्रित तरिका (Mixed Mode) शैक्षिक कार्यक्रमहरू संचालन गरिने छ । तर यस्तो कार्यक्रम विश्वविद्यालयलाई आर्थिक भार पर्ने गरी सञ्चालन गरिने छैन ।

## ६) विश्वविद्यालयको पारदर्शिता र जवाफदेहिता

माथि उल्लेख गरिए अनुसार विश्वविद्यालयको गुणस्तर अभिबृद्धि गर्न र विश्वविद्यालयलाई प्रभावकारी वनाउनको लागि योग्य र पेशा प्रति समर्पित प्राध्यापक तथा कर्मचारीहरूको ठूलो भूमिका हुन्छ । त्यस्तै गरी विश्वविद्यालयको विभिन्न निकायहरूको कुशल व्यवस्थापन सम्बन्धित निकायका पदाधिकारीको दक्षता र क्षमतामा निर्भर गर्दछ । त्यसैले शिक्षक तथा कर्मचारीहरूको नियुक्ति, पदोन्नति र विभिन्न निकायहरूको पदाधिकारीहरूको नियुक्ति प्रक्रियालाई पारदर्शी वनाइने छ ।

विश्वविद्यालय पनि जनताले तिरेको करबाट प्राप्त अनुदान, विद्यार्थीहरूबाट प्राप्त शुल्क र विभिन्न संघसंस्थाहरू र दातृसंस्थाहरूबाट प्राप्त अनुदान र दानबाट चल्ने संस्था हुनाले यसको आर्थिक पक्ष पादर्शी हुनु पर्दछ । त्यस्तै गरी विश्वविद्यालयका पदाधिकारीहरू, प्राध्यापक र कर्मचारीहरू सम्बन्धित निकाय प्रति उत्तरदायी वन्नु पर्दछ । त्यसैले विश्वविद्यालयको आर्थिक, शैक्षिक र अन्य गतिविधि विश्वविद्यालयको अधिकारिक वेभपेज र वार्षिक प्रतिवेदन तथा शैक्षिक सूचना प्रणाली मार्फत सरोकारवालालाई जानकारी दिने व्यवस्था गरिने छ । त्यस्तै गरी आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त क्याम्पसहरूलाई पनि आफ्ना आर्थिक, शैक्षिक तथा अन्य गतिविधि आफ्ना अधिकारिक वेभपेज, वार्षिक प्रतिवेदन र शैक्षिक सूचना प्रणालीबाट सरोकारवालालाई जानकारी दिनु पर्ने नीतिगत व्यवस्था गरी आवश्यक अनुगमन गरिने छ ।

विश्वविद्यालयका विभिन्न निकायका पदाधिकारीरुलाई तोकिएको जिम्मेवारी प्रति उत्तरदायित्व वनाइने छ । यसको लागि आवश्यक परेमा मौजुदा विश्वविद्यालय ऐन, नियमावली र कार्यविधिमा समेत संशोधन गरिने छ । शिक्षकहरूलाई सुम्पेको कार्यसम्पादनको मूल्याङ्कन

सम्बन्धित विभागीय प्रमुखको अतिरिक्त अन्य सरोकारवाला (विद्यार्थी, अफ्ना सहपाठी) र आफैले मूल्याङ्कन गर्ने परीपाटी बसाली शिक्षकलाई आफ्नो दायित्व प्रति उत्तरदायी वनाइने छ ।

## सन्दर्भ सामाग्रीहरू


Tribhuvan University (2019) *Tribhuvan University Vision 2030: Action Steps and Implementation Plan.* Kathmandu: TU, 2019.

--- --- --- (2023) *TU Digitization Strategy Plan, 2023*. Kathmandu: Planning Division, TU.

--- --- --- (2023) *TU Today-2080*. Kathmandu: Information and Public Relation Division, TU.

--- --- --- (2023) *Information Technology Policy, 2023*. Kathmandu: TU.

University Grants Commissions (2023) *Education Management Information System: Report of Higher Education 2021/022*. Sanothimi: UGC, Nepal.

नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७४) *त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ (२०७४ कार्तिकमा मसान्तमा भएको संशोधन सहित).* काठमाण्डौं: नेपाल कानुन आयोग । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६) *राष्ट्रिय शिक्षा नीति, २०७६.* काठमाण्डौं: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

त्रिभुवन विश्वविद्यालयको

# व्यवसायिक योजना

# विषय सूची


| क.सं. | शिर्षक | पाना नं. |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | त्रिभुवन विश्वविद्यालयको ऐतिहांसिक पृष्ठभूमि | १ |
| ३. | त्रिभुवन विश्वविद्यालयको विद्यमान अवस्था | २ |
| | ३.१ अध्ययन संस्थान र संकायहरू | |
| | ३.२ अनुसन्धान केन्द्रहरू | |
| | ३.३ केन्द्रीय विभाग, क्याम्पस र महाविद्यालयहरू | |
| | ३.४ विद्यार्थी संख्या र परीक्षाफल | |
| | ३.५ सूचना प्रविधि र पुस्तकालय | |
| | ३.६ विश्वविद्यालयका निकायहरू | |
| | ३.७ विश्वविद्यालयमा कार्यरत् शिक्षक र कर्मचारीहरू | |
| ४. | विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis | ७ |
| | ४.१ सबल पक्ष (Strengths): | |
| | ४.२ दूर्वल पक्ष (Weaknesses) | |
| | ४.३ अवसर (Opportunities) | |
| | ४.४ चुनौतीहरू (Threats) | |
| ५. | अन्य विश्वविद्यालयहरूसंगको अन्तरसम्बन्धको विश्लेषण | ९ |
| ६. | रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरूको पहिचान | १० |
| | ६.१ शैक्षिक पात्रो र परीक्षा फल प्रकाशन | |
| | ६.२ विश्वविद्यालय संगठन | |
| | ६.३ शैक्षिक कार्यक्रम र पाठयक्रम | |

६.४ पठनपाठन कार्य

६.५ सूचना प्रविधिको प्रभावकारी प्रयोग

६.६ जनशक्ति व्यवस्थापन

६.७ साधन र स्रोतको व्यवस्थापन

६.८ अनुसन्धान केन्द्रहरू

६.९. आङ्गिक र सम्बन्धन क्याम्पसहरू

७. त्रिभुवन विश्वविद्यालयको समग्र सुधार कार्ययोजना १२

८. कार्ययोजना कार्यन्वयन हुनको लागि आवश्यक अवस्था १२

**त्रिभुवन विश्वविद्यालयको समग्र सुधार कार्ययोजना १३ - २२**

**(२०८० फागुन देखि २०८४ माघ सम्म)**

# त्रिभुवन विश्वविद्यालयको व्यवसायिक योजना

## १. पृष्ठभूमि

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले नेपालको उच्च शिक्षाको विकास, जनशक्ति उत्पादनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । त्रिविले तीन चौथाइ भन्दा बढी देशको उच्च शिक्षाको भार बहन गरेको छ । देशमा विश्वविविद्यालयहरू र अन्य उच्च शिक्षा प्रदाय संस्थाहरूको संख्या बढ्दै गएतापनि उच्च शिक्षामा यसको भार खासै घटेको छैन ।

देशको उच्च शिक्षामा त्रिविको भूमिका महत्वपूर्ण रहे तापनि यसको गुणस्तर दिनप्रति दिन खस्कदै गएको छ। यसको प्रमुख कारण राजनैतिक भागबण्डामा विश्वविद्यालयका पदाधिकारीहरूको नियुक्ति हो भन्ने कुरा विश्वविद्यालयका कुलपति तथा सम्माननीय प्रधानमन्त्रीज्यूले त्रिविको उनन्चासौं दिक्षान्त समारोह (पौष २, २०८०)को सम्बोधन र गत पौष महिना (१० पुष, २०८०) मा देशको नाममा गरेको संबोधनबाट स्पष्ट हुन्छ । सम्माननीय प्रधान मन्त्री तथा त्रिविका कुलपतिज्यूले विश्वविद्यालयका पदाधिकारीहरूको राजनैतिक भागबण्डाको आधारमा नियुक्ति नगरी प्रतिस्पर्धाको आधारमा गर्ने प्रतिबद्धता गर्नु भए अनुसार त्रिविको उपकुलपतिको लागि नाम सिफारिस गर्न बनेको समितिले आह्वान गरेको दरखास्तको प्रयोजनको लागि यो व्यवसायिक योजना तयार गरिएको छ ।

## २. त्रिभुवन विश्वविद्यालयको ऐतिहांसिक पृष्ठभूमि

नेपालको उच्च शिक्षाको इतिहास वि.सं.१९७६ सालमा त्रिभुवन चन्द्र कलेजको स्थापना पछि मात्र शुरु भएको थियो । यो कलेजलाई वि.सं. १९८१मा त्रिचन्द्र कलेजमा परिवर्तन गरियो ( स.रा. शि.स. २०१८) । प्रारम्भमा यसमा कलासम्बन्धी ६ विषय–गणित, तर्कशास्त्र, इतिहास र तिनौटा भाषा, को मात्र प्राध्यापन हुन्थ्यो । वि.सं १९७७ मा यसमा विज्ञानका कक्षाहरू पनि थपिए । यस कलेजमा १९८१ मा बी.ए.का कक्षा, २००४ मा बायोलजी र भूगोल, २००५ मा बी.एस्सीका कक्षा, २०११ मा आइ.कम. र बी.कम.का कक्षा थपिए। उच्च शिक्षामा महिलाहरूलाई प्रवेश भने २०१२ सालमा मात्र दिइएको पाइन्छ ( स.रा. शि.स., २०१८) ।

नेपाल राष्ट्रिय शिक्षा आयोग (ने.रा.शि.आ., २०११) ले उन्नत साहित्य र विज्ञान, कृषि र वन, शिक्षक शिक्षण, ऐन कानून, परिचर्या, औषधि र दन्त विद्या, गृहविज्ञान, विविध कला र आवश्यकता अनुसार अन्य क्षेत्रहरूका महाविद्यालयहरूले युक्त एउटा राष्ट्रिय विश्वविद्यालयको तत्काल स्थापना गर्न सिफारिश गऱ्यो । यही अनुसार त्रिविको स्थापना विधिवत रुपमा वि.सँ. २०१६ सालमा भयो । त्यती बेला यस अन्तरगत सरकारी र निजी महाविद्यालयहरू थिए । नयाँ शिक्षा योजना लागु भए पछि निजी क्षेत्रका सबै क्याम्पसहरूलाई यसका आङ्गिक क्याम्पसमा रुपान्तरण गरिया । यसको फलस्वरुप यसका आङ्गिक क्याम्पसको संख्यामा बृद्धि भयो । उच्च

शिक्षाको विद्यार्थीको चापलाई भएका आङ्गिक क्याम्पसहरूले खेप्न सकेन र त्यती बखतको सरकारले तिसौं दशकको अन्त्यतिर उच्च शिक्षालाई निजी क्षेत्रलाई पनि खुला गऱ्यो। ततकालिन सरकारको उच्च शिक्षालाई निजी क्षैत्रलाई खुला गर्ने नीति अनुरुप त्रिविबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरू स्थापना हुदै गए। २०४६ सालको राजनैतिक परिवर्तन पछि सामुदायिक क्याम्पसहरूको अतिरिक्त त्रिविबाट सम्बन्धन प्राप्त नाफामुखी निजी क्याम्पसहरू पनि स्थापना हुदै गए। विश्वविद्यालय अनुदान आयोग अनुसार यसका ६२ आङ्गिकक्याम्पस र १,०८२ सम्बन्धन प्राप्त (५२८ सामुदायिक र ५५४ निजी) क्याम्पसहरू छन्।

## ३. त्रिभुवन विश्वविद्यालयको विद्यमान अवस्था

### ३.१ अध्ययन संस्थान र संकायहरू

त्रिविले सम्पूर्ण शैक्षिक कार्यक्रमहरूलाई अध्ययन संस्थान र संकाय अन्तरर्गत सञ्चालन गर्दै आएको छ। यसका पांच अध्ययन संस्थानहरू– विज्ञान तथा प्रविधि, इञ्जिनियरिङ्ग, चिकित्साशास्त्र, वनविज्ञान र कृषि तथा पशु विज्ञान; र चार संकायहरू–कानुन, व्यवस्थापन, मानविकी तथा सामाजिकशास्त्र, शिक्षाशास्त्र छन्। यी संस्थानहरू र संकायहरूको नेतृत्व सम्बन्धित डीनहरूले गर्दछन। प्राविधिक विषयका शैक्षिक कार्यक्रमहरू अध्ययन संस्थान अन्तर्गत र साधारण विषयका शैक्षिक कार्यक्रमहरू संकाय अन्तरगत सञ्चालन हुनेगर्दछ।

#### ३.१.१ विज्ञान तथा प्रविधि अध्ययन संस्थान

विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तरगत १३ केन्द्रीय विभागहरू, एक महाविद्यालय, २४ आङ्गिक क्याम्पस र ९० सम्बन्धन प्राप्त क्याम्पसहरू छन्। यसका १३ वटा केन्द्रीय विभागहरूले १९ विषयमा स्नातकोत्तर तहका र १३ विषयमा विद्यावारिधि कार्यक्रमहरू सञ्चालन गर्दछन। यसका २४ आङ्गिक क्याम्पसहरू मध्ये नौवटाले स्नातक र स्नतकोत्तर तहका कार्यक्रम सञ्चालन गर्दछन् भने बाँकीले स्नातक तहका कार्यक्रमहरू मात्र सञ्चालन गर्दछन्। सम्बन्धन प्राप्त क्याम्पसहरूको संख्या धेरै भएतापनि विद्यार्थी संख्या भने जम्मा ३२ प्रतिशत मात्र भएको देखिन्छ। वर्ष २०२२/०२३ मा यो अध्ययन संस्थान अन्तर्गत कूल विद्यार्थी संख्या ३३,०८३ मध्ये स्नातक तहमा ९१.६ प्रतिशत र वाकि स्नातकोत्तर तह र विद्यावरिधिका विद्यार्थीहरू छन्। यस संस्थानमा जम्म १,०५५ शिक्षकहरू ५१७ प्रशासनिक कर्मचारहिरू कार्यरत छन्।

### ३.१.२ इन्जिनियरिङ्ग अध्ययन संस्थान

यो अध्ययन संस्थान अन्तर्गत ५ आङ्गिक क्याम्पस, १० सम्बन्धन प्राप्त क्याम्पसहरू छन् र २ आङ्गिक क्याम्पसहरू (सुदूर पश्चिम र लुम्बिनी प्रदेशमा) स्थापना हुदै छन्। यो अध्ययन संस्थानले विभिन्न विधामा विद्यावारिधि र विद्यावरिधि उत्तर (Post-doctoral program) सञ्चालन गर्दै आएको छ। यसले १२ वटा स्नातक तहका कार्यक्रमहरू र ३५ स्नातकोत्तर तहका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस अध्ययन संस्थानको १४ अनुसन्धान र अध्ययन केन्द्र छन् (त्रिवि, २०८०)।

### ३.१.३ चिकित्साशास्त्र अध्ययन संस्थान

यस अध्ययन संस्थान अन्तर्गत १ केन्द्रीयविभाग, ७ आङ्गिकक्याम्पस, १४ सम्बन्धन प्राप्त क्याम्पसहरू र ५ अस्पतालहरू छन्। सात आङ्गिक क्याम्पस मध्ये एक आयूरवेदिक क्याम्पस, ५ नर्सिङ क्याम्पस र एक मेडिकल क्याम्पस छन्। चौध सम्बन्धन प्राप्त कलेजहरू मध्ये २ डेन्टल कलेज र १२ मेडीकल कलेज छन्। यसका केन्द्रीय विभाग, आङ्गिक क्याम्पसहरू र सम्बन्धन प्राप्त क्याम्पसहरूले १६ स्नातक तहका, ४२ स्नातकोत्तर तहका कार्यक्रमहरू र एक विषयमा दर्शनाचार्य, ५ विषयमा एमसिएच, ८ विषयमा डिएम र ३ विषयमा विद्यावारिधि कार्यक्रम सञ्चालन गरेका छन्।

### ३.१.४ वन विज्ञान अध्ययन संस्थान

यस अध्ययन संस्थान अन्तरगत एक महाविद्यालय, २ आङ्गिकक्याम्पस र एक सम्बन्धन प्राप्त क्याम्पस छन्। यसका २ आङ्गिक क्याम्पसहरू र एउटा महाविद्यालयमा जम्मा ८७ जना टिचिङ स्टाफ छन् भने ६४ प्रशासनिक कर्मचारी छन्। यसको साथसाथै डीन कार्यालयमा ३ पदाधिकारी र १९ कर्मचारी छन्। यो अध्ययन संस्थाले स्नातक, स्नातकोत्तर तह र विद्यावारिधि कार्यक्रमहरू सञ्चालन गरेको छ। वर्ष २०२२/०२३ मा यी २ आङ्गिक र एक महाविद्यालयमा कूल ९७९ विद्यार्थीहरू थिए। यी विद्यार्थीहरू मध्ये करिब ७९ प्रतिशत स्नातक तहका विद्यार्थीहरू छन्।

### ३.१.५ कृषि तथा पशु विज्ञान अध्ययन संस्थान

सन १९५७ मा तत्कालिन कृषि मन्त्रालय अन्तरगत स्थापना भएको कृषि विद्यालयलाइ सन १९७२ मा त्रिविको आङ्गिक संस्थाको रुपमा कृषि तथा पशू विज्ञान संस्थानमा विकास भयो। यो अध्ययन संस्थान अन्तरगत ४ आङ्गिक क्याम्पस (लमजुङ, पक्लीहवा, रामपुर र गौराहदह) र ५ सम्बन्धन प्राप्त क्याम्पसहरू छन्। यसले कीर्तिपुरमा स्नातकोत्तर कार्यक्रम सञ्चालन गरेको छ र २०१६ सालमा यसले महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाममा बागवानी विषयमा स्नातक तह सञ्चालन गरेको छ।

आङ्गिकार सम्बन्धन प्राप्त क्याम्पसहरूको स्नातक तह कार्यक्रममा ५०४ र स्नातकोत्तर तहमा ११४ विद्यार्थी भर्ना लिने क्षमता छ। यसको अतिरिक्त यसको ६ जना विधावारिधिका विद्यार्थीहरूलाई लिने क्षमता पनि छ। वर्ष २०२२/०२३ मा कूल शिक्षक संख्या ७१ जना थिए।

### ३.१.६ मानविकी तथा सामाजिकशास्त्र संकाय

यो संकाय अन्तरगत केन्द्रीय विभाग, आङ्गिक क्याम्पसहरू र सम्बन्धन प्राप्त क्याम्पसहरूमा स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहका विभिन्न विधाका शैक्षिक कार्यक्रमहरू सञ्चालन हुन्छ। यस संकाय अन्तरगत २२ केन्द्रीयविभागहरू छन्। बिए (३१ वटा विषयहरू), फाइन आर्टस्, फिल्म स्टडी, कम्प्यूटर एप्लीकेशन, सार्वजनिक सेवा र सूशासन र सामाजिक सेवामा स्नातक र्काक्रम, ६ विषयमा पिजिडिकार्यक्रम, ३६ विषयमा स्नातकोत्तर तह कार्यक्रम, विभिन्न विधामा दर्शनाचार्य र विद्यावारिधि कार्यक्रमहरू सञ्चालनमा छन्। यो संकायमा विद्यार्थीहरूको संख्या घट्दै गएको छ।

### ३.१.७ शिक्षाशास्त्र संकाय

शिक्षाशास्त्र संकायले एक केन्द्रीय विभाग, २६ आङ्गिकक्याम्पस र ५९० सम्बन्धन प्राप्त क्याम्पसहरू मार्फत आफ्नो कार्यक्रमहरू सञ्चालन गर्दछ। यो संकायले शिक्षामा स्नातक, स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि कार्यक्रमहरू सञ्चालन गरेको छ। स्नातक र स्नातकोत्तर तहका कार्यक्रमहरू विभिन्न विद्याकाका विषयवस्तु र शिक्षण सम्बन्धी व्यवसायी कोर्षको मिश्रण गरी सञ्चालन गरिएको छ। विद्यार्थीसंख्याको दृष्टिकोणले यो संकाय दोस्रो संकाय हो।

### ३.१.८ व्यवस्थापन संकाय

व्यवस्थापन संकाय अन्तरगत एक केन्द्रीय विभाग र एक महाविद्यालय छ। यो संकाय अन्तर्गत व्यवस्थापन र जनप्रशासनसम्बन्धी स्नातक तह देखि विद्यावारिधिसम्मका शैक्षिक कार्यक्रमहरू केन्द्रीय  विभाग, एक महाविद्यालय र आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा सञ्चालनमा छन्। वर्ष २०२२/०२३ मा यस संकायमा कूल विद्यार्थी संख्या २,८१,९४९ छ। यी संख्या मध्ये १,६७,४१४ विद्यार्थी सिमेष्टर प्रणालीमा छन् भने बाँकि विद्यार्थी वार्षिक प्रणालीमा अध्ययनरत छन्। विद्यार्थी संख्याको हिसाबले व्यवस्थापन संकाय त्रिविको पहिलो संकाय हो।

स्नातक तहमा बिबिएस कार्यक्रम र स्नातकोत्तर तहमा एमबिएस कार्यक्रमहरू वार्षिक प्रणाली अर्न्तगत र अरु शैक्षिक कार्यक्रमहरू सिमेष्टर प्रणाली अनुसार सञ्चालन हुन्छ। सिमेष्टर प्रणालीमा बिबिए, बिबिए–एफ, बिआइएम, बिटीटीएम, बिएचएम, बिबिएम, बिपिए, बिएमएस र पिजिडिपीएस जस्ता स्नातक तहका कार्यक्रमहरू र एमबिए, एमबिए–एफ, एमबिए–मार्केटिङ, एमबिए–आइटी जस्ता स्नातकोत्तर तहका आक्रषित र व्यवसायी कार्यक्रमहरू यस संकायले

केन्द्रीय विभाग, महाविद्यालय, आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरूमा सञ्चालन गरेकोले नै यस संकायमा सबैभन्दा बढी विद्यार्थी संख्या छ। यसको साथसाथै यस संकायमा केही शैक्षिक कार्यक्रमहरू स्वायत्त कार्यक्रमको रुपमा पनि सञ्चालन भएका छन्।

### ३.१.९ कानुन संकाय

कानुन संकाय अन्तर्गत ६ आङ्गिक क्याम्पस र २ सम्बन्धन प्राप्त क्याम्पसहरू छन्। यी क्याम्पसहरूमा स्नातक तहदेखि विद्यावारिधिसम्मका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा छन्। प्लस २ उत्तिर्ण भएका विद्यार्थीहरूका लागि पाँच वर्षे स्नातक कार्यक्रम (बिएएलएलबि) र स्नातक तह उत्तिर्ण गरेकालाई तीन वर्षे स्नातक तह (एलएलबि) कार्यक्रम यो सकायका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरूले सञ्चालन गरेका छन्। त्यस्तै गरी यस संकाय अन्तर्गत दुई वर्षे र तीन वर्षे स्नातकोत्तर तहका कार्यक्रमहरू पनि सञ्चालनमा छन्। दुई वर्षे कार्यक्रम कानुन स्नातकहरूको लागि नेपाल ल क्याम्पसमा र एक सम्बन्धन प्राप्त क्याम्पसमा र तीन वर्षे कार्यक्रम नेपाल ल क्याम्पसमा मात्र सञ्चालन हुन्छ। यी विभिन्न शैक्षिक कार्यक्रमहरूमा यो संकायमा वर्ष २०२२/०२३ मा करिब ८,६०५ विद्यार्थीहरू अध्ययनरत छन् र यो संकायमा ६० जना स्थायी शिक्षकहरू छन्।

यस संकायका दुई अनुसन्धान केन्द्रहरू–मानब अधिकार केन्द्र् र वातावरण कानुन केन्द्र, छन्। मानब अधिकार केन्द्र् संकाय डीनको नेतृत्वमा छ भने वातावरण कानुन केन्द्र वातावरण कानुनको वरिष्ठ प्राध्यापकको नेतृत्वमा छ (त्रिवि, २०८०)।

## ३.२ अनुसन्धान केन्द्रहरू

अध्ययन र अनुसन्धानको लागि त्रिविका ४ अनुसन्धान केन्द्रहरू – नेपाल र एशियाली अनुसन्धान केन्द्र, व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द, र शिक्षा विकास तथा अनुसन्धान केन्द्र– छन्। यी चारै अनुसन्धान केन्द्रका अनुसन्धानका कार्य क्षेत्र फरक फरक छन्। नेपाल र एशियाली अनुसन्धान केन्द्रको क्षेत्र भौगोलिक, इतिहांस, भाषा, साहित्य, सामाजिक र सांस्कृतिक, नेपालका परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्ध क्षेत्र, पूर्विय वाङ्गमय, दक्षिण एशियाली मुलूकहरू तोकिएको छ भने स्वदेशी प्रविधिको खोजतलास, जगेर्ना, संरक्षण, उपयोग, उपादेयता र विकास जस्ता क्षेत्र व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रको लागि तोकिएको छ। त्यस्तै गरी योजना तथा नीति, राष्ट्रिय, क्षेत्रिय र ग्रामिण विकास, देशको अर्थ व्यवस्था, मानवीय सांधन र श्रम शक्ती आदि अनुसन्धानका क्षेत्र आर्थिक विकास तथा प्रसाशन अनुसन्धा केन्द्रको क्षेत्र तोकिएको छ भने शिक्षा विकास तथा अनुसन्धान केन्द्रको लागि उच्च तथा अन्य शिक्षा, पाठयक्रम, पाठयसामाग्री तथा शिक्षण विधि, शिक्षा नीति, शैक्षिक संगठन, व्यवस्थापन, प्रशासन र मूल्याङ्कन, शैक्षिक जनशक्ति विकास अनुसन्धान क्षेत्र तोकिएको छ। तर यी चार अनुसन्धान केन्द्रहरूलाई विश्वविद्यालयले

विश्वविद्यालयको आय आर्जन, ज्ञान उत्पादन, प्रविधि विकास र हस्तान्तरणको लागि प्रभावकारी रुपमा परिचालन गर्न सकेको छैन ।

## ३.३ केन्द्रीय विभाग, क्याम्पस र महाविद्यालयहरू

त्रिविका ५ अध्ययन संस्थान र ४ संकाय अन्तरगत ४० केन्द्रीय विभागहरू, ४ विभागहरू र ४ महाविद्यालयहरू छन् । यसका ६२ आङ्गिक कक्याम्पसहरू र १०६० सम्बन्धन प्राप्त क्याम्पसहरू छन् (त्रिवि, २०२३) । विश्वविद्यालय अनुदान आयोग (२०२३) अनुसार यसका १,०८२ सम्बन्धन प्राप्त क्याम्पसहरू छन् र यी मध्ये ५२८ सामुदायिक र ५५४ निजी क्याम्पसहरू छन् । विश्वविद्यालयका क्याम्पसहरूको प्रादेशिक वितरण समान रुपमा छैन । विश्वविद्यालय अनुदान आयोग (२०२३) अनुसार करिब ४३ प्रतिशत क्याम्पसहरू बागमती प्रदेशमा र १४ प्रतिशत कोशी प्रदेशमा छन् । यी २ प्रदेशमा मात्र त्रिविका ५० प्रतिशत भन्दा बढी क्याम्पसहरू केन्द्रित छन् । यसको साथसाथै व्यवसायी विषय र धेरै जसो प्राविधिक विषय अध्ययन र अध्यापन हुने क्याम्पसहरू उपत्यकामा केन्द्रित भएको देखिन्छ ।

## ३.४ विद्यार्थी संख्या र परीक्षाफल

विश्वविद्यालय अनुदान आयोग अनुसार वर्ष २०२१/०२२ मा त्रिविका आंगिक, सामुदायिक र निजी क्याम्पसहरूमा कूल ४,५४,०६५ विद्यार्थीहरू भर्ना भएका थिए । यो विद्यार्थी संख्या देशको उच्च शैक्षिक संस्थाहरू मा भर्ना भएका संख्याको ७८.३६ प्रतिशत हुन आउछ । विगत ६ वर्ष ( २०१६/०१७ देखि २०२१/०२२)को विद्यार्थी भर्नाको आंकडाले त्रिभुवन विश्वविद्यालयले ७५ प्रतिशत देखि ७९ प्रतिशतसम्म उच्च शिक्षाको भार बहन गरेको देखाउछ ।

त्रिविको समग्र उत्तिर्ण दर कम देखिन्छ । शैक्षिक वर्ष २०१३/०१४ देखि २०२१/०२२ सम्मको त्रिविको औसत उत्तिर्ण दर ३० प्रतिशत भन्दा बढी देखिदैन । यसले राष्ट्र र अभिभावकको लगानी खेर गएको र उच्च शिक्षाको उत्पादन लागत बढी देखाउछ । यसको साथसाथै भर्ना भएका विद्यार्थीहरूको छोड्ने दर पनि बढी देखिन्छ ।

## ३.५ सूचना प्रविधि र पुस्तकालय

विश्वविद्यालयले सूचना प्रविधि नीति, २०२३ र डिजिटल रणनीति, २०२३ तयार गरेको छ । तर यी नीति र रणनीतिको कार्यान्वयन गर्न बाँकि रहेको अवस्था छ । कोभिड १९ को वेलामा विश्वविद्यालयमा अध्यापन कार्यमा सूचना प्रविधिको प्रयोग गरिएको थियो । तर अध्ययन अध्यापनमा जुन रुपमा सूचना प्रविधिको प्रयोग हुनु पर्ने हो त्यो रुपमा भएको छैन । शैक्षिक सूचना व्यवस्थापनको प्रणालीको अबधारणा धेरै अगाडि देखि विश्वविद्यालयमा आएतापनि यसको विकास एकिकृत रुपमा भएको छैन । त्यस्तै गरी परीक्षा नियन्त्रण कार्यालयमा सूचना प्रविधिको प्रयोग प्रभावकारी रुपमा हुन सकेको छैन ।

विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूमा पुस्तकालय भवन, आवश्यक सामाग्रीहरूको उपलब्धता भएतापनि विद्यार्थीहरू र शिक्षकहरूमा पुस्तकालयमा गई अध्ययन गर्ने वानीमा ज्यादै ह्रास आएको छ । केन्द्रीय पुस्ताकालयमा सूचना प्रविधिको प्रयोग भएतापनि यसमा भएको विद्युतीय सामाग्रीहरूको साझेदारी र उपयोग अरु आङ्गिक र समबन्धन प्राप्त क्याम्पसहरूले उचित रुपमा गर्न सकेका छैनन् । त्यस्तै गरी केन्द्रीय पुस्तकालयमा भएको नक्कल परीक्षण गर्ने सेवालाई पनि व्यापक रुपमा प्रयोग विश्वविद्यालयले गर्न र गराउन सकेको छैन ।

### ३.६ विश्वविद्यालयका निकायहरू

विश्वविद्यालयका केन्द्रीयस्तरका र सञ्चालन स्तरका निकायहरू छन् । केन्द्रीय विभागहरू, महाविद्यालयहरू र क्याम्पसहरू सञ्चालन स्तरका निकायहरू हुन् । यी विभाग र क्याम्पसहरूका पनि आवश्यक्ता अनुसार आन्तरिक संरचना छ । केन्द्रीयस्तरका निकायहरूमा उपकुलपतिको कार्यालय, शिक्षाध्यक्षको कार्यालय, कूल सचिवको कार्यालय, महाशाखाहरू, अनुसन्धान केन्द्रहरू, संकाय र संस्थान डीनका कार्यालय तथा विभिन्न परिषद, परीक्षा नियन्त्रण कार्यालय, अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र, पाठयक्रम विकास केन्द्र, केन्द्रीय पुस्तकालय, र सेवा आयोग छन् ।

### ३.७ विश्वविद्यालयमा कार्यरत् शिक्षक र कर्मचारीहरू

विश्वविद्यालयका विभिन्न निकायहरूमा ७,६७४ विभिन्न तहका विभिन्न प्रकारका कर्मचारीहरू छन् । त्यस्तै गरी ५ अध्ययन संस्थान, ४ संकाय र अनुसन्धान केन्द्रहरूमा ८,३४० शिक्षकहरू छन् । यसको अतिरिक्त आङ्गिक  क्याम्पसहरूमा करारमा, कोर्ष करारमा र आंशिकमा शिक्षकहरू ठूलो संख्यामा छन् । आङ्गिक क्याम्पसहरूले ठूलो संख्यामा विश्वविद्यालयको स्विकृत लिएर आन्तरिक स्रोतबाट तलब दिने गरी करारमा शिक्षकहरूलाई नियुक्ती दिएको छ ।

विश्वविद्यालयहरूमा केही केन्द्रीय विभागहरूमा र आङ्गिक क्याम्पसहरूमा केही शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी छैनन् र शिक्षक मात्र छन् । कही विद्यार्थी संख्या भन्दा बढी शिक्षक छन् । कुनै संकायमा आवश्यक भन्दा कम शिक्षकहरू छन् । त्यसैले शिक्षकहरूलाई अध्यापन कार्यमा परिचालन गर्न पनि समस्या पनि देखिन्छ ।

## ४. विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis

त्रिविको मौजुदा अवस्थाको सबल पक्ष, दूर्वल पक्ष, अवसर र चुनौतीको पहिचान देहाय अनुसार गरिएको छः

### ४.१ सबल पक्ष (Strengths):

मौजुदा स्थितीमा त्रिविको देहाय अनुसारका सबल पक्षहरू छन्:

- केन्द्रीय कार्यालय, संकाय, अध्ययन संस्थानहरू, अनुसन्धान केन्द्र तथा अन्य कार्यालयको लागि आवश्यक जग्गा र भौतिक सुविधा सापेक्ष रुपमा पर्याप्त;
- आवश्यक शिक्षक (Faculty) आवश्यक्ता अनुरुप उपलब्धता (Pool of human resources)
- शैक्षिक कार्यक्रमहरूमा विविधिकरण
- तुलनात्मक रुपमा धेरै विद्यार्थी संख्या
- विश्वविद्यालय र आङ्गिक क्याम्पसहरूको जग्गा व्यवसायिक रुपले महत्वपूर्ण स्थानमा भएकोले आय आर्जन गर्ने उद्देश्यले जग्गाको उपयोग गर्न सकिने
- भौगोलिक र प्रादेशिक रुपमा आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरूको व्यापकता
- उच्च शिक्षाको ब्राण्ड, अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त र अन्तर्राष्ट्रिय सञ्जाल

## ४.२ दूर्वल पक्ष (Weaknesses)

त्रिविका माथि उल्लेख गरिएका सबल पक्ष भए तापनि यसका देहाय अनुसारका दुर्वल पक्षहरू छन्:

- विद्यार्थीहरूलाई तोकिएको समय भित्र प्रभावकारी रुपमा गुणस्तरीय शिक्षा दिन नसक्नु
- विश्वविद्यालयमा ज्ञान र प्रविधिको उत्पादन र हस्तान्तरणको अभाव
- विश्वविद्यालयको अध्ययन र अध्यापन उत्पादन र बजारसंग नजोडिनु
- शैक्षिक र प्रशासनिक व्यवस्थापन कमजोर हुनु
- राजनैतिक हस्तक्षेप, विद्यार्थी, शिक्षक र कर्मचारीहरूमा दलिय राजनीतिको कारणले गर्दा उचित शैक्षिक वातावरण नहुनु
- विश्वविद्यालयको पदाधिकारीहरूको नियुक्ती प्रणालीगत रुपमा नहुनु
- विश्व विद्यालयको कमजोर शैक्षिक र परीक्षाको व्यवस्थापन
- विश्वविद्यालयमा आवश्यक जनशक्तीको उचित व्यवस्थापन नहुनु
- विश्वविद्यालयलाई परीणाममुखी र उत्पादनमुखी अनुसन्धानको लागि आवश्यक बजेटको अभाव
- शिक्षकहरूको र पठनपाठनको लागि आवश्यक न्यूनतम भौतिक सुविधाको अभाव
- नेपाल सरकारको अनुदानमा अधिक्तम निर्भर हुनु र आन्तरिक स्रोत परिचालन कमजोर हुनु

## ४.३ अवसर (Opportunities)

त्रिविमा देहायका अवसरहरू देखिन्छः

- स्थानीय ज्ञान, शिप प्रविधिको विकास र हस्तान्तरण गर्ने
- विदेशी विश्वविद्यालयहरूको सहकार्यमा विदेशी ज्ञान, शिप र प्रविधि स्वदेशमा हस्तान्तरण गर्ने

- अनुभवी दक्ष जनशक्तिको उपयोग गरी मौजुदा जनशिक्तिलाई प्रशिक्षण गरी दक्ष वनाउने
- नेपाल सरकारको उच्च शिक्षासम्बन्धी नीति तथा कार्यक्रम देशव्यापी रुपमा कार्यान्वयन गर्ने
- देशको नमुना विश्वविद्यालयको रुपमा विकास हुने

## ४.४ चुनौतीहरू (Threats)

त्रिविले देहाय चुनौतीहरू सामना गरिरहेको छः

- दलिय राजनैतिक हस्तक्षेप र दलिय भातृसंगठनहरू र पेशागत संगठनहरू को हस्तक्षेप
- स्वदेशी र विदेशी विश्वविद्यालयहरूसंगको प्रतिष्पर्धा
- उच्च शिक्षा पढ्ने उमेर (१८ वर्ष देखि २२ वर्ष) को जनसंख्या उच्च शिक्षाको साथसाथै रोजगारको लागि विदेशिने संख्या बढ्दै गएको कारण घट्दो विद्यार्थी संख्या
- वित्तिय समस्या

## ५. अन्य विश्वविद्यालयहरूसंगको अन्तरसम्बन्धको विश्लेषण

त्रिविको स्वदेशी र विदेशी विद्यालयहरूसंग औपचारिक सम्बन्ध छ। यसले एशिया, यूरोप, अष्ट्रलिया, उत्तर अमेरिका र अफ्रिकाका १६७ विश्वविद्यालयहरूसंग औपचारिक सम्बन्ध स्थापित गरेकोछ। एशियन देशहरू मध्ये बँगलादेश, भारत, चीन र जापान, र सिङ्गापुरका विश्वविद्यालयहरूसंग; यूरोपियन देशहरू मध्ये अष्ट्रिया, जर्मनी, डेनमार्क, इटाली, निदरल्याण्ड, नर्वे, यूके, पोर्चुगाल, लिथोनिया र पोल्याण्डका विश्वविद्यालयहरूसंग र संयुक्त अधिराज्य अमेरिकाका विश्वविद्यालयहरूसंग समभ्रुदारी पत्रमा हस्ताक्षर गरी औपचारिक सम्बन्ध स्थापित गरेको छ।

विदेशी विश्वविद्यालयहरूसंग औपचारिक सम्बन्ध स्थापनाले विश्वविद्यालयहरूको विचमा विद्यार्थीहरू र शिक्षकहरूको एकापसमा आदानप्रदान गरेर विश्वविद्यालयमा नयाँ शिक्षण विधि र नयाँ ज्ञानको हस्तान्तरण गर्न सकिन्छ। त्यस्तै गरी नयाँ विद्यामा आवश्यक जनशक्ती आवश्यक्तालाई विश्वविद्यालयहरू विच भएको सम्बन्धले पुरा गर्न सक्दछ। यसको साथसाथै अन्तर्राष्ट्रय विश्वविद्यालयहरूसंगको सम्बन्धले ज्ञान र प्रविधिको हस्तान्तरण पनि देशमा हुनसक्दछ। विदेशी विश्वविद्यालयहरूसंगको संयुक्त अनुसन्धान र अध्ययनको लागि आवश्यक वजेटको व्यवस्थापन गरी नेपाल विशेष विषयहरू (Global warming, carbon trade, high altitude environment, biodiversity आदि) सम्बन्धी अनुसन्धान र अध्ययन गर्ने ठूलो संभावना देखिन्छ। त्यस्तै गरी विश्वविद्यालयहरूसंगको अन्तरसम्बन्धबाट उच्च शिक्षालाई अन्तर्राष्टियूकरण र विदेशी विद्यार्थीहरूलाई आकर्षण गर्न सकिन्छ।

त्रिविले विदेशी विश्वविद्यालयहरूसंग प्रर्याप्त मात्रामा सम्बन्ध स्थापना गरेको देखिन्छ तापनि सम्बन्ध गासिएका विश्वविद्यालयहरूसंग संयुक्त रुपमा कार्य प्रभावकारी रुपमा भएको देखिदैन । त्यसैले अबको आवश्यक्ता भनेको स्थापति सम्बन्धलाई ज्ञान र प्रविधि हस्तान्तरण हुने गरी कार्यन्वयन गर्नु हो ।

## ६. रणनैतिक सुधार गर्नु पर्ने क्षेत्रहरूको पहिचान

विश्वविद्यालयलाई प्रभावकारी वनाउनको लागि देहायका क्षेत्रमा रणनैतिक सुधार गर्नु पर्दछः

### ६.१ शैक्षिक पात्रो र परीक्षा फल प्रकाशन

विश्वविद्यालयले अफ्नो शैक्षिक पात्रो राष्ट्रिय परीक्षा बोर्ड, विअआले वनाएको शैक्षिक पात्रोको खाका, विदेशी र स्वदेशी विश्वविद्यालयहरूको शैक्षिक पात्रोसंग सामञ्जस्यता कायम गरेर वनाउनु पर्दछ । शैक्षिक पात्रो वनाए पछि त्यस अनुसार शैक्षिक कार्यक्रमहरू विश्विवविद्यालयले सञ्चालन गर्नुपर्दछ । तर त्रिविको हकमा यस्तो नभएकोले शैक्षिक पात्रो तयार गरी त्यसको कार्यन्वयनमा गर्नुपर्दछ ।

त्रिविको सबैभन्दा सुधार गर्नु पर्ने महत्वपूर्ण रणनैतिक महत्वको क्षेत्र भनेको शैक्षिक पात्रोको कार्यन्वयन र यो अनुसार परीक्षा सञ्चालन र परीक्षाफल प्रकाशन गर्नु हो ।

### ६.२ विश्वविद्यालय संगठन

विश्वविद्यालय विद्यार्थी संख्या, आङ्गिकर सम्बन्धन क्याम्पस, शिक्षक कर्मचारी संख्याको आधारमा ठूलो भएकोले यसको व्यवस्थापनमा प्रभावकारीता देखिदैन । त्यसैले त्रिविको भिजन ३० मा उल्लेख गरे अनुसार यसको पुनसंरचना गर्नुपर्दछ ।

### ६.३ शैक्षिक कार्यक्रम र पाठयक्रम

विश्वविद्यालयको केही मौजुदा शैक्षक कार्यक्रमहरू राष्ट्रिय र अन्तर्राष्ट्रय श्रम बजारसंग सम्बन्धित नभएकोले विद्यार्थीहरूको आक्रषण घटदै गएकोले त्यस्ता कार्यक्रमहरूमा विद्यार्थी प्राय सून्य अवस्थामा पुगेको छ । यसता शैक्षिक कार्यक्रमहरूलाई पुनरावलोकन गरी त्यस्ता कार्यक्रमहरूलाई श्रमबजारमुखी कार्यक्रमहरूले विस्थापित गर्नुपर्दछ ।

ज्ञान र प्रविधि, श्रम बजारको आवश्यक्ता गतिशिल हुन्छ । मौजुदा शैक्षिक कार्यक्रमहरूका पाठयक्रमहरू पनि समय सापेक्ष अद्यावधिकगर्नु पर्दछ तर त्रिविका पाठयक्रमहरू समय सापेक्ष अद्यावधिक गरिएको छैन ।

## ६.४ पठनपाठन कार्य

त्रिविमा पठनपाठन कार्य धेरै जसो परम्परागत रुपमा नै भैराखेको छ। परम्परागत रुपमा पठनपाठन कार्य भएकोले पठनपाठन कार्य प्रभावकारी छैन ।

## ६.५ सूचना प्रविधिको प्रभावकारी प्रयोग

विश्वविद्यालय र यसका आङ्गिक क्याम्पसहरू, केन्द्रीय विभाग, अध्ययन संस्थान र संकाय डीन कार्यालय, अनुसन्धान केन्द्रहरू, पुस्तकालयहरूमा र केन्द्रीय कार्यालय र परीक्षा नियन्त्रण कार्यालयमा सूचना प्रविधिको प्रयोग भए तापनि प्रभावकारी रुपमा भएको छैन। यसको साथसाथै पठनपाठन कार्यमा र विद्यार्थीहरूलाई दिइने सेवामा समेत यसको प्रयोग प्रभावकारी रुपमा भएको छैन ।

## ६.६ जनशक्ति व्यवस्थापन

विश्वविद्यालयमा योग्य र दक्ष जनशक्ति भित्रिने अवस्था छैन। शिक्षक तथा कर्मचारीहरू विभिन्न रुपमा विश्वविद्यालय सेवामा प्रवेश गर्ने अनी आन्दोलन र राजनैतिक दवावको आधारमा स्थायी सेवामा प्रवेश गर्ने परिपाटीको विकास भैसकेको छ। शिक्षक कर्मचारीहरूको वृत्तिविकास र पदोन्नतीमा पार्दशीता नभएको र मूल्याङ्कन विधिमा परिवर्तन भैराख्नाले योग्य र दक्ष जनशक्ती विश्वविद्यालयमा आउन सकेको छैन। शैक्षिक र कर्मचारी प्रशासन फितलो भएकोले मौजुदा जनशक्तीलाई पनि प्रभावकारी रुपमा परिचालन गर्न सकिएको छैन ।

## ६.७ साधन र स्रोतको व्यवस्थापन

त्रिवि अत्यधिक मात्रामा नेपाल सरकारको अनुदानमा निर्भर छ। यसले आफ्नो आन्तरिक साधन र स्रोतको परिचालन अधिक्तम गरेको छैन। विश्वविद्यालयको आन्तरिक स्रोतको मुख्य स्रोत भनेको आङ्गिक र सम्बन्धन प्राप्त विद्यार्थी हो तर विद्यार्थी संख्या घट्दै गएकोले विश्वविद्यालयलाई आन्तरिक स्रोत परिचालनमा समस्या परिराखेको छ एकातर्फ भने अर्को तर्फ वर्षौ देखि विद्यार्थीलाई लगाइने शूल्क बृद्धि भएको छैन ।

केन्द्रीय  क्याम्पस लगायत आङ्गिक क्याम्पसहरूमा भौतिक सुविधाको अभाव छ र आवश्यक भौतिक सुविधाको निर्माणको लागि पनि आर्थिक स्रोतको अभाव छ। त्यसैले आवश्यक भौतिक सुविधाको निर्माण र भएकाको व्यवस्थापनमा सुधार गर्नु पर्ने अर्को रणनैतिक महत्वको क्षेत्र हो ।

## ६.८ अनुसन्धान केन्द्रहरू

त्रिविका ४ अनुसन्धान केन्द्रहरू अनुसन्धान कार्यमा संलग्न भई ज्ञानको उत्पादन र प्रविधिको हस्तान्तरणमा प्रभावकारी रुपमा लाग्न सकेको देखिदैन। त्यसैले यी अनुसन्धान केन्द्रहरूलाई रणनैतिक रुपमा सम्बन्धित महाविद्यालयहरूमा समायोजन गर्नु पर्दछ।

## ६.९. आङ्गिक र सम्बन्धन क्याम्पसहरू

आङ्गिकर समबन्धन प्राप्त क्याम्पसहरू शैक्षिक कार्यक्रम कार्यन्वयन स्तरका महत्वपूर्ण अंग हुन्। धेरै जसो सामुदायिक क्याम्पसहरूको अवस्था पनि राम्रो छैन। त्यसैले आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरू पनि रणनैतिक सुधारका क्षेत्रहरू हुन।

## ७. त्रिभुवन विश्वविद्यालयको समग्र सुधार कार्ययोजना

विश्वविद्यालयको गुणस्तर अभिबृद्धि गर्न र प्रभावकारी वनाउनको लागि पहिचान गरिएका रणनैतिक क्षेत्रहरूको सुधार योजनाबद्ध रुपमा गर्न आवश्यक छ। यसको सुधारका लागि गर्नु पर्ने कार्य, समयसिमा, अपेक्षित परिणाम र जिम्मेवार निकायका सहितको चार महले चार वर्षे कार्य योजना अर्को पृष्ठमा दिइएको छ।

## ८. कार्ययोजना कार्यन्वयन हुनको लागि आवश्यक अवस्था

यस व्यावसायिक योजनाका योजनाहरूको सफल कार्यान्वयन हुनको लागि देहायका अवस्था हुन आवश्यक छः

७.१ त्रिवि राजनैतिक र सरकारी हस्तक्षेपमुक्त।

७.२ दलीय भातृसंगठनहरू र पेशागत संगठनको हस्तक्षेपमुक्त।

७.३ सरकारको पूर्ण सहयोग।

## त्रिभुवन विश्वविद्यालयको समग्र सुधार कार्ययोजना (२०८० फागुन देखि २०८४ माघ सम्म)

| क्रियाकलाप | अपेक्षित परीणाम | समय खाका | जिम्मेवारी निकाय |
|---|---|---|---|
| **क) पहिलो वर्ष (२०८२ असारसम्म)** | | २०८० फागुन देखि २०८२ असारसम्म | |
| १. शैक्षिक पात्रो निर्माण र कार्यान्वयन गर्ने: | | | |
| १.१ शैक्षिक पात्रो निर्माण | शैक्षिक वर्ष २०८१/०८२ को शैक्षिक पात्रोको मस्यौदा | २०८१ असार सम्म | परीक्षा नियन्त्रण कार्यालय |
| १.२ शैक्षिक पात्रोको स्विकृत | शैक्षिक वर्ष २०८१/०८२ को शैक्षिक पात्रो | २०८१ श्रावणसम्म | प्राज्ञिक परिषद |
| १.३ शैक्षिक पात्रोको प्रकाशन | शैक्षिक पात्रोको विद्युतीय कपी | २०८१ श्रावण सम्म | परीक्षा नियन्त्रण कार्यालय |
| १.४ शैक्षिक पात्रोको कार्यान्वयन | समयमा शैक्षिक कार्यक्रमको संचालन | २०८१ श्रावण देखि २०८२ असारसम्म | शिक्षाध्यक्षको कार्यालयको संमायोजनमा |
| १.५ अनुगमन र मूल्याङ्कन | शैक्षिक पात्रोको कार्यान्वयनसम्बन्धी पृष्ठ पोषक | शैक्षिक सत्रको मध्ये भाग | शिक्षाध्यक्षको कार्यालय |
| २. परीक्षा फल समयमा प्रकाशन गर्नलाई गर्नु पर्ने आवश्यक कार्यहरू | | | |
| २.१ परीक्षासम्बन्धी सूचना प्रविधिको र ततसम्बन्धी मौजुदा जनशक्तिको मूल्याङ्कन र विश्लेषण | • मौजुदा सूचना प्रविधि र ततसम्बन्धी जनशक्तिको जानकारी | २०८१ असारसम्म | रजिष्ट्रारको कार्यालय |
| २.२ परीक्षा नियन्त्रण कार्यालयको संगठन स्वरुप र मौजुदा जनशक्तिको विश्लेषण | • परीक्षा नियन्त्रण कार्यालयको मौजुदा आन्तरिक संगठन र कर्मचारीहरूको वारेमा जानकारी | २०८१ असारसम्म | रजिष्ट्रारको कार्यालय |
| २.३ विद्यार्थीहरूलाई दिइने परीक्षासम्बन्धी सुविधाको लागतको अध्ययन | • विद्यार्थीहरूलाई सूचना प्रविधि प्रयोग गरेर दिनु पर्ने परीक्षासम्बन्धी सेवासुविधाको पहिचान र दिइने सेवासुविधा शूल्क निर्धारण गर्न आधार | २०८१ असारसम्म | रजिष्ट्रारको कार्यालय |

| | | | |
|---|---|---|---|
| २.४. उपत्यका बाहिरका परीक्षा नियन्त्रयण कार्यालयहरूलाई विकेन्द्रिकरण गर्न सकिने कार्यको अध्ययन | • समयमा परीक्षाफल प्रकाशन गर्नको लागि विकेन्द्रिकरण गर्नु पर्ने कार्यको विवरण | २०८१ असारसम्म | रजिष्ट्रारको कार्यालय |

| | | | |
|---|---|---|---|
| २.५ विद्यार्थीको आवश्यक सूचना सम्बन्धित डीन कार्यालय, आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरूबाट प्रविष्ट गर्नको लागि र विद्यार्थीहरूले अनलाइन सबै सुविधाको आवेदन दिनसक्ने परीक्षा प्रणालीको एकिकृत सूचना प्रविधिको विकास गर्ने :<br>• सिष्टम प्लानिङ गर्ने<br>• मौजुदा सूचना प्रविधिलाई समेत समेट्ने गरी सफ्टवयर लेख्ने<br>• परीक्षासम्बन्धी तयार गरिएको सफ्वयरको परिक्षण<br>• परिक्षण भएको सफ्टवयर संचालन गर्ने जनशक्तिलाई प्रशिक्षण<br>• परीक्षा नियन्त्रण कार्यालय र सम्बन्धित निकायहरू विच एकिकृत सूचना प्रविधिको संचालन | • परीक्षासम्बन्धी कुनकुन सुविधा भएको सफ्टवयरको आवश्यक पर्दछ त्यसको पहिचान<br>• परीक्षामा प्रयोग हुने सफ्टवयरको सिष्टम प्रणाली<br>• परीक्षासम्बन्धी सूचना प्रविधिको सफ्टवयरको प्राप्ती<br>• एकिकृत सूचना प्रविधिको सफटवयरको प्रयोग<br>• विद्यार्थीहरूले अनलाईन आवश्यक आवेदन दिनसक्ने<br>• सम्बन्धित कार्यालयहरूले परीक्षासम्बन्धी सूचना प्रविष्ट गर्न सक्ने<br>• एकिकृत परीक्षासम्बन्धी सफ्टवयर संचालनको लागि आवश्यक प्रशिक्षित जनशक्ति | २०८२ असारसम्म | • रजिष्ट्रारको कार्यालय<br>• परीक्षा नियन्त्रण कार्यालय<br>• सूचना प्रविधि केन्द्र |
| ३. शैक्षिक कार्यक्रम र पाठ्यक्रम | | | |
| ३.१ मौजुदा शैक्षिक कार्यक्रमहरूको पुनरावलोकन र नयाँ शैक्षिक कार्यक्रमहरू तर्जुमा | • श्रम बजारसँग सान्दर्भिक नभएका कार्यक्रमहरूको पहिचान<br>• श्रम बजारसँग सान्दर्भिक नयाँ कार्यक्रमहरूको | २०८२ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद |

| | | | |
|---|---|---|---|
| | तजुमा | | • प्राज्ञिक परिषद |
| ३.२ नेपालका विभिन्न जातिका बालवच्चालाई मातृभाषामा शिक्षा दिनको लागि आवश्यक शिक्षकको मागलाई पुरा गर्नको लागि विभिन्न मातृभाषामा मिश्रित (Physical and (Distance Mode) विधि र अनुसन्धानमा आधारित शैक्षिक कार्यक्रम र पाठयक्रमको निर्माण गर्ने | • विभिन्न जनजातिहरूको मातृभाषाक शिक्षक उत्पादनको लागि कार्यक्रम र पाठयक्रम | २०८२ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद<br>• प्राज्ञिक परिषद |
| ३.३ आयुर्वेद विद्या अन्तरगत विभिन्न जाती जनजातिहरूमा भएको उपचार विधिको वैज्ञानिक अध्ययन र अनुसन्धान गराई त्यससम्बन्धी स्नातक तहको शैक्षिक कार्यक्रम संचालन गरी दुगर्म स्थानको लागि स्वस्थ्यकर्मीको रुपमा आमची उत्पादन गर्नको लागि स्नातक तहको पाठयक्रम निर्माण गर्ने | • हिमाली भेकका परम्परागत स्नातक तहको स्वस्थ्यकर्मी (आम्ची) उत्पादनको लागि पाठयक्रम | २०८२ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद<br>• प्राज्ञिक परिषद |
| ३.४ आयुर्वेदमा आधारित स्नातक तहको औषधि विज्ञानको पाठयक्रमको निर्माण | • स्नातक तहको आयुर्वेद औषधी विज्ञानको पाठ्यक्रम | २०८२ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद<br>• प्राज्ञिक परिषद |
| ३.५ अन्तरविद्यामा आधारित लिबरल आर्टस्का स्नातक र स्नातकोत्तर तहका पाठ्यक्रम निर्माण | • स्नातक र स्नतकोत्तर तहको लिबरल आर्टस्को पाठ्यक्रम | २०८२ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद |

| | | | |
|---|---|---|---|
| | | | • प्राज्ञिक परिषद |
| ३.६ नेपाली श्रमिकको गन्तव्य देशको आवश्यकता अनुसार शिप विकास गर्नको लागि आवश्यक पाठ्यक्रम तयार गर्ने | • श्रमिकहरूको सीप विकासको लागि ननक्रेडिट पाठ्यक्रम र सम्बन्धित पाठ्यक्रमको एसओपी तयार हुने | २०८२ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद<br>• प्राज्ञिक परिषद |
| ३.७ होटल एशोशिएसनसंगको सहकार्यमा होटलमा कार्यरत श्रमिकहरूको लागि मिश्रित पद्धति (Mixed mode) अनुसार कार्यक्रम संचालन गर्नको लागि होटल व्यवस्थापनमा स्नातक तहको पाठ्यक्रम तयार गर्ने | • मिश्रित पद्धति अनुसार अध्ययन अध्यापन हुने गरी होटल व्यवस्थापनको पाठयक्रम | २०८२ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद<br>• प्राज्ञिक परिषद |
| ३.८ मौजुदा शैक्षिक कार्यक्रमहरूको पाठयक्रम अद्यावदिक गर्ने | • मौजुदा शैक्षिक कार्यक्रमको अद्यावदिक पाठयक्रम | २०८२ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद<br>• प्राज्ञिक परिषद |
| ३.९ मौजुदा चार वर्षे कार्यक्रमलाई ३ वर्षे वनाउने र एक वर्ष थप पाठ्यक्रम भार थपेर स्नातक तहलाई अनर्स डिग्री वनाउनको लागि पाठ्यक्रम तयार गर्ने | • तीन वर्षे स्नातक तहको र थप एक वर्षको पाठ्यक्रम निर्माण गर्ने | २०८२ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद<br>• प्राज्ञिक परिषद |
| ३.१० विभिन्न विद्यामा ३ वर्षे स्नतक तह पार गरे पछि सम्बन्धित विषयमा शिक्षक पेशाको लागि एक वर्षे व्यावसायिक विषयको पाठ्यक्रम | • एक वर्षे व्यवसायिक विषयको पाठ्यक्रम | २०८२ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद<br>• प्राज्ञिक परिषद |

| | | | |
|---|---|---|---|
| निर्माण गर्ने | | | |
| ४. विश्वविद्यालयको पुनःसंरचना | | | |
| ४.१ विश्वविद्यालय संगठनको पुनःसंरचना सम्बन्धी अध्ययन गर्ने | • पुनसंरचनासम्बन्धी अध्ययन प्रतिवेदन | २०८२ असारसम्म | • योजना निर्देशनालय<br>• अनुगमन निर्देशनालय |
| ४.२ पुनःसंरचनालाई कार्यन्वयन प्रतिकूल विश्वविद्यालय ऐनका प्राबधानहरूलाई संशोधन गर्ने | • संशोधित ऐन | २०८२ असारसम्म | • कार्यकारी परिषद<br>• विश्वविद्यालय सभा<br>• नेपाल सरकार |
| ४.३ पुनःसंरचनालाई कार्यन्वयन प्रतिकूल नियमावलीका प्राबधानहरूलाई संशोधन गर्ने | • संशोधित नियमावली | २०८२ असारसम्म | • कार्यकारी परिषद<br>• विश्वविद्यालय सभा |

| | | | |
|---|---|---|---|
| ४.४ प्रतिवेदन अनुसार केन्द्रीय विभागहरूलाई गाभेर महाविद्यालयहरू विकास गर्ने र अनावश्यक रुपमा भएको निकायहरूलाई एकापसमा गाभ्ने वा हटाउने | • केन्द्रीय क्याम्पसमा महाविद्यालयको स्थापना भई अनावश्यक रुपमा भएका केन्द्रीय विभागहरू खारेज | २०८२ असारसम्म | • कार्यकारी<br>• विश्वविद्यालय सभा |
| ४.५ अनुसन्धान केन्द्रहरूलाई सम्बन्धित महाविद्यालयमा गाभ्ने | • अनुसन्धान केन्द्रहरूको विघटन | २०८२ असारसम्म | • कार्यकारी<br>• विश्वविद्यालय सभा |
| ५. पठनपाठन | | | |
| ५.१ प्रत्येक कार्यक्रमको प्रत्येक समूहको विद्यार्थी संख्या निर्धारण गर्ने | • प्रत्येक कक्षाको विद्यार्थी संख्या निर्धारण | २०८१ असारसम्म | • प्राज्ञिक परिषद |
| ५.२ पठनपाठन कार्यको लागि उपलब्ध मौजुदा भौतिक सुविधा (कक्षा कोठा, फर्निचर, सूचना प्रविधिसम्बन्धी | • उपलब्ध भौतिक सुविधाको मूल्याङ्कन | २०८१ असारसम्म | • रजिष्टारको कार्यालय |

| | | | |
|---|---|---|---|
| सामाग्री) पर्याप्तताको मूल्याङ्कन | | | |
| ६. सूचना प्रविधिको उपयोग | | | |
| ६.१ विश्वविद्यालयको सूचना प्रविधि नीति, २०२३ कार्यान्वयन गरी सूचना प्रविधिको आधारमा विश्वविद्यालयको व्यवस्थापन गर्ने | • सूचना प्रविधिको विश्वविद्यालय व्यवस्थापनमा प्रयोग | २०८२ असारसम्म | • रजिष्टारको कार्यालय<br>• सूचना प्रविधि केन्द |
| ६.२ सूचना प्रविधि मैत्री आवश्यक जनशक्तिको प्रक्षेपण र सोही अनुसार जनशक्तिको व्यवस्थापन गर्ने | • आवश्यक सूचना मैत्री जनशक्तिको प्रक्षेपण | २०८२ असारसम्म | • रजिष्टारको कार्यालय<br>• सूचना प्रविधि केन्द |
| ७. जनशक्ति व्यवस्थापन | | | • |
| ७.१ विश्वविद्यालयको शिक्षण सेवा (करार, कोर्ष करार र आंशिक समेत)का सबै तहमा प्रवेश गर्नको लागि आवश्यक योग्यताको पुनरावलोकन गर्ने | • शिक्षकहरूको संशोधित योग्यता | २०८२ असारसम्म | • कार्यकारी परिषद<br>• प्राज्ञिक परिषद |
| ७.२ नियममित रुपमा सेवा आयोगको विज्ञापन | • अवश्यक जनशक्तिको आपूर्ती | | • कार्यकारी परिषद<br>• सेवा आयोग |
| ८. साधन र स्रोतको व्यवस्थापन | • | | • |
| ८.१ विश्वविद्यालयको मौजुदा भौतिक साधन (विशेष गरेर जग्गा र घर) र स्रोतको व्यवस्थापनसम्बन्धी अध्ययन गरी संभाव्य स्रोतको परिचालन गर्ने | • मौजुदा भौतिक साधन र स्रोतको प्रतिवेदन र परिचालन कार्ययोजना | २०८२ असारसम्म | रजिष्टारको कार्यालय |
| ८.२ विद्यार्थीहरूबाट स्रोत परिचालन र उपयोगसम्बन्धी अध्ययन र योजना | • विद्यार्थीहरूबाट हुनसक्ने स्रोत परिचालन र उपयोगसम्बन्धी योजना | २०८२ असारसम्म | • रजिष्टारको कार्यालय<br>• विद्यार्थी कल्याण महाशाखा |

| | | | |
|---|---|---|---|
| ८.३ छात्रबृति र विद्यार्थी सहायता कार्यक्रम नियमावली तयार गर्ने | • छात्रवृत्ति नियमावली<br>• विद्यार्थी सहायता कार्यक्रम नियमावली | २०८२ असारसम्म | • कार्यकारी परिषद<br>• विश्वविद्यालय सभा |
| ८.४ नेपाल सरकारबाट छात्रवृत्तिको शोधभर्नासम्बन्धी समझदारी पत्रमा सम्झौता | • नेपाल सरकार र विश्वविद्यालय विच छात्रवृत्ति रकमसम्बन्धी समझदारी पत्र | २०८२ असारसम्म | • कार्यकारी परिषद |
| ९. आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरूको सुदृढीकरण | | | |
| ९.१. सबै आंगिक क्याम्पसहरूलाई गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रक्रियामा लैजाने | • गुणस्तर अभिबृद्धि कार्यको शुरुआत | २०८२ असारसम्म | • सम्बन्धित महाविद्यालय, क्याम्पस<br>• गुणस्तर सूनिश्तित्ता र प्रत्यायन केन्द्र |
| ९.२. सम्बन्धन प्राप्त क्याम्पसहरूलाई समूह र नयाँ कार्यक्रम गुणस्तर सुनिश्चितत्ता र प्रत्यायन प्रमाणिकरण भए पछि मात्र दिने नीतिगत व्यवस्था गर्ने | • गुणस्तरमा अभिबृद्धि | २०८२ असारसम्म | • सम्बन्धित क्याम्पस |
| ९.३ आंगिक क्याम्पसहरूको मौजुदा शैक्षिक कार्यक्रमहरू गाभ्नको लागि संभाव्यता अध्ययन गर्ने | • संभावित कार्यक्रमहरू र आंगिक क्याम्पसहरूको पहिचानक | २०८२ असारसम्म | • योजना निर्देशनालय |
| ९.४ गाभिन सक्ने संभावित सामुदायिक क्याम्पसहरूको अध्ययन | • गाभिन सक्ने संभावित सामुदायिक क्याम्पसहरूको पहिचान | २०८२ असारसम्म | • योजना निर्देशनालय |
| १०. प्राज्ञिक उत्कृष्ट केन्द्रको रुपमा विकास गर्ने | | | • |

| | | | |
|---|---|---|---|
| १०.१ महाविद्यालयहरूको लागि आवश्यक न्यूनतम भौतिक सुविधाको आकलन । | • महाविद्यालयहरूलाई अवश्यक पर्ने न्यूनतम भौतिक सुविधाको आकलन प्रतिवेदन | २०८१ असारसमम | • योजना निर्देशनलाय |
| १०.२ अनुसन्धान र परामर्श सेवासम्बन्धी नियमावलीको पुनरावलोकन गर्ने | • अनुसन्धान र परामर्श सेवा संचालनको लागि अनुकूल संस्थागत व्यवस्था | २०८१ असारसम्म | • कार्यकारी परिषद<br>• विश्वविद्यालय सभा |
| १०.३ महाविद्यालयको जनशक्तिको लागि बेग्लै योग्यता निर्धारण | • अनुसन्धान तहका जनशक्तीको व्यवस्था | २०८१ असारसम्म | • प्राज्ञिक परिषद<br>• कार्यत्रारी परिषद |
| **ख) दोस्रो वर्ष (श्रावण २०८२ देखि असार २०८३)** | | | • |
| १. शैक्षिक कार्यक्रम | | | • |
| १.१ पहिलो वर्ष पहिचान गरिएका नयाँ शैक्षिक कार्यक्रमहरूको संभाव्यता अध्ययन | • संभाव्यता अध्ययन | २०८३ असारसम्म | • सम्बन्धित डीनको कार्यालय |
| १.२ मौजुदा जनशक्ति र भौतिक सुविधाले संभावित कार्यक्रम संचालन गर्ने र नभएको लागि आवश्यक जनशक्ति र भौतिक पूर्वाधारको विकास गर्ने | • नयाँ कार्यक्रमहरू संचालन<br>• आवश्यक भौतिक सुविधाको निर्माण | २०८३ असारसम्म | • सम्बन्धित डीनको कार्यालय |
| १.३ तीन वर्षे स्नातक तह र चार वर्षे स्नातक अनर्स कार्यक्रम संचालन गरी मौजुदा ४ वर्षे वार्षिक कार्यक्रम हटाउने | • चार वर्षे वार्षिक प्रणालीका कार्यक्रम क्रमशः हट्ने र तीन वर्षे स्नातक र चार वर्षे स्नातक अनर कार्यक्रम संचालन हुने | शैक्षिक वर्ष २०८२/०८३ मा शुरु गर्ने | • सम्बन्धित डीनको कार्यालय<br>• विद्या परिषद<br>• प्राज्ञिक परिषद |
| १.४ विभिन्न विद्यामा ३ वर्षे स्नातक तह पार गरे पछि सम्बन्धित विषयमा शिक्षक पेशाको लागि एक वर्षे व्यावसायिक कार्यक्रम संचालन | • सम्वन्धित विद्यामा ज्ञान भएको दक्ष शिक्षकको उत्पादन | शैक्षिक वर्ष २०८२/०८३ मा शुरु गर्ने | • सम्बन्धित डीनको कार्यालय |

| | | | |
|---|---|---|---|
| १.५ Mountain Engineering, Mountain Risk Management, Mountaineering, Climbing, High Altitude Training, High Altitude Sports, Mountain Tourism and Mountain Economy जस्ता नविन तर नेपाल विशेष विषयहरूमा शैक्षिक कार्यक्रम र प्रशिक्षणका पाठयक्रम निर्माण गर्ने | • पाठयक्रम | २०८३ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• सम्बन्धित विद्या परिषद<br>• प्राज्ञिक परिषद |
| २.भौतिक सुविधाको निर्माण | | | |
| २.१ नयाँ कार्यक्रम र महविद्यालयहरूको लागि आवश्यक भौतिक सुविधाको निर्माण | • आवश्यक भौतिक सुविधा | आव २०८२/०८३ बाट शुरु | • सम्बन्धित महाविद्यालय<br>• योजना निदृेशनालय |
| ३. स्रोत परिचालन | | | |
| ३.१ विद्यार्थीहरूबाट परिचालित हुने स्रोतको अधिक्तम परिचालन गर्ने | • स्रोत परिचालन | | • कार्यकारी परिषद |
| ३.२ छात्रवृत्ति नियमावली र विद्यार्थी सहायता नियमावली कार्यान्वयन गर्ने | • व्यवस्थित छात्रवृत्ति<br>• गरिब विद्यार्थीहरूको लागि आर्थिक राहत | | • कार्यकारी परिषद |
| ३.३ त्रिविको स्वामित्वमा रहेको सम्पत्तिको निजीसार्वजनिक साझेदारी शिद्धान्त अनुसार परिचालन | • मौजुदा सम्पत्तिको परिचालन गरी आय आर्जन | | • कार्यकारी परिषद<br>• योजना निर्देशनालय |
| **ग) तेस्रो वर्ष (श्रावण २०८३ देखि असार २०८४)** | | | |
| १) विश्वविद्यालयको पुनसंरचना | | | |
| १.१ विश्वविद्यालयको पुनसंरचना कार्यक्रम अन्तरगत पृथ्वीनारायण, पोखरा, | विश्वविद्यालयको प्रादेशिक संरचनाको प्रारम्भिक तयारी | २०८४ असारसम्म | • कार्यकारी परिषद<br>• विश्वविद्यालय सभा |

| | | | |
|---|---|---|---|
| महेन्द्र मोरङ बहुमुखी क्याम्पस, विराटनगर र महेन्द्र बहुमुखी क्याम्पस नेपालगंजलाई उपाधि दिने संस्थाको रुपमा बिकास गर्ने | | | |
| २. भौतिक पूर्वाधार निर्माण | | | |
| २.१ विगत वर्षहरूमा शुरु गरिएका भौतिक निर्माण कार्य जारी राख्ने<br>२.२ पर्वतिय अध्ययन महाविद्यालयको लागि आवश्यक भौतिक सुविधाको लागि जग्गा प्राप्ती | • भौतिक सुविधा सम्पन्न<br>• पर्वतिय अध्ययन केन्द्रको लागि जग्गा | २०८४ असारसम्म | • सम्बन्धित डीनको कार्यालय<br>• कार्यकारी परिषद |
| २.३ जडीवुटी अध्ययन र अनुसन्धानको लागि जग्गा प्राप्ती | • जडीवुटी अध्ययन र अनुसन्धानको लागि जग्गा | २०८४ असारसम्म | • र्काकारी परिषद |
| **घ) अन्तिम वर्ष (२०८४ श्रावण देखि माघसम्म)** | | | |
| १. भौतिक सुविधा | | | • |
| १.१ जडीबुटी उत्पादन र प्रशोधनको लागि आवश्यक भौतिक सुविधा निर्माण शुरु गर्ने | • निर्माणको ठेक्का प्रक्रिया सक्ने | २०८४ असारसम्म | • सम्बन्धित महाविद्यालय |
| १.२ पर्वतीय अध्ययन केन्द्रको लागि भौतिक सुविधा निर्माण शुरु | निर्माणको ठेक्का प्रक्रिया सक्ने | | • सम्बन्धित महाविद्यालय |

## सन्दर्भ सामग्रीहरू

### क) नेपाली खण्ड


नेपाल राष्ट्रिय शिक्षा आयोग (ने.रा.शि.आ), नेपालमा शिक्षा (प्रतिवेदनको सुझाउहरू मात्र समावेश गरिएको), प्रतिवेदन. काठमाण्डौः शिक्षा तथा खेलकुद मन्त्रालय, २०११ August 26, 2004, ((http://www.moe.gov.np / edulaw / nepali / files / pdf / Report/ National Education Commission_2049.pdf ) .

नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय (२०७४) *त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ (२०७४ कार्तिकमा मसान्तमा भएको संशोधन सहित).* काठमाण्डौः नेपाल कानुन आयोग । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६) *राष्ट्रिय शिक्षा नीति, २०७६.* काठमाण्डौः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६) *राष्ट्रिय शिक्षा नीति, २०७६.* काठमाण्डौः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, रिपोर्ट, काठमाडौंः श्री ५ को सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग, २०१८, Agust 26, 2004, http://202.52.206.7/edulaw/nepali/files/pdf/Report/All Nepal Education Committees Report_2018.pdf ) .


### ख) अंग्रेजी खण्ड


Tribhuvan University (2019) Tribhuvan University Vision 2030: Action Steps and Implementation Plan. Kathmandu: TU, 2019.

--- --- --- (2023) TU Digitization Strategy Plan, 2023. Kathmandu: Planning Division, TU.

--- --- --- (2023) TU Today-2080. Kathmandu: Information and Public Relation Division, TU.

--- --- --- (2023) Information Technology Policy, 2023. Kathmandu: TU.

University Grants Commissions (2023) Education Management Information System: Report of Higher Education 2021/022. Sanothimi: UGC, Nepal.